# प्रभाव दैनिक
National Daily

वर्ष १० | अंक १२२ | काठमाडौं | बुधबार, ०६ भदौ २०८० | Prabhab National Daily | Wednesday, August 23, 2023 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**डेंगीबाट बचौं**

- उच्च ज्वरो आउनु ।
- जोर्नी र मांशपेशीहरूमा असह्य पीडा हुनु ।
- आँखाको गेडी दुख्नु ।
- अत्याधिक टाउको दुख्नु ।
- शरीरमा राता बिमिराहरू आउनु ।
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

*यस्ता लक्षणहरू देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


बाल सुधारगृह घटना

## फरारमध्ये थप १० जना पक्राउ, ७ जनाको खोजी जारी

**भक्तपुर–** मध्यपुरथिमि नगरपालिका–२ सानोठिमीस्थित बाल सुधारगृहबाट सोमबार फरार भएकामध्ये प्रहरीले मंगलबार थप १० जनालाई पक्राउ गरेको छ । सोमबार दिउँसो सुधारगृहको पछाडिको गेट भत्काएर भागेका २२१ जना बन्दीमध्ये प्रहरीले पक्राउ गर्न बाँकी १७ जनामध्ये मंगलबार दिनभरमा १० जना पक्राउ गरेको प्रहरी परिसर भक्तपुरका प्रहरी उपरीक्षक प्रजित केसीले जानकारी दिए ।

फरार रहेकामध्ये सोमबार रातिसम्ममा २०४ जनालाई पक्राउ गरेको र मंगलबार थप १० जनालाई उपत्यकाका विभिन्न ठाउँबाट पक्राउ गरेको उनले जानकारी दिए । बाँकी सात जना पनि बुधबारसम्म पक्राउ गरिसक्ने उनले बताए ।

- मृतकका परिवार तथा आफन्तले प्रहरीमा दिएनन् जाहेरी
- जाहेरी दिएपछि मात्रै शव परीक्षण हुने
- छानबिन समितिले मंगलबारदेखि नै सुरु गऱ्यो काम
- छानबिनको प्रतिवेदन सात दिनभित्र आउने

जिल्ला प्रहरी कार्यालय रामेछापबाट २०७७ जेठ २९ गते १८ वर्षको उमेरमा पाँच वर्षीया बालिकालाई जबर्जस्ती करणी गरेको अभियोगमा सजाय भुक्तान गर्न बाल सुधारगृह सानोठिमीमा ल्याइएका रामेछापको मन्थली नगरपालिका–३, कठजोरका २१ वर्षीय कमल बस्नेतको उच्च ज्वरोलगायतका कारण आइतबार बिहान मृत्यु भएपछि सुधारगृहमा सुरु भएको घटनाले सोमबार भयावह रूप लिएको थियो ।

सोमबार दिउँसो घरेलु हतियार लिएर गेट भत्काएर बाहिर निस्किएका बन्दीले प्रहरीलाई लखेट्दै कुट्ने गरेपछि प्रहरीले दुई राउण्ड अश्रुग्यास प्रहार गर्नुका साथै तीन राउण्ड गोली चलाएको थियो । घटनामा १९ सुरक्षाकर्मी र १० जना बन्दी गरी २९ जना घाइते भएका थिए । (बाँकी पृष्ठ २ मा)

## कोशी सरकार निर्माण प्रक्रियामा शेखरको फेरि आपत्ति

**काठमाडौं (प्रस)–** नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले कोशी सरकार निर्माणमा पुनः आपत्ति जनाएका छन् । मुख्यमन्त्री उद्धव थापालाई बहुमतका लागि सभाध्यक्षलाई भोट हाल्न लगाइएकामा कोइरालाले गरे विरोध गरेका हुन् ।

मंगलबार विराटनगर पुगेका कोइरालाले विमानस्थलमा संवाददातासँग कोशी प्रदेशसभामा सभाध्यक्षको भूमिका निर्वाह गरेका कांग्रेस सांसद् इसराइल मन्सुरीले विश्वासको मतदानमा



भाग लिएकामा आपत्ति जनाए ।

असार २२ गते थापा पहिलोपटक मुख्यमन्त्री नियुक्त हुँदा पनि कोइरालाले प्रक्रिया नमिलेको भन्दै विरोध जनाएका थिए । 'मैले पहिले पनि सरकार बनाउने खेलमा तत्कालीन सभामुख बाबुराम गौतम सहभागी हुँदा ट्विट गरेर विरोध जनाएको थिएँ,' उनले भने, 'त्यो ट्विटप्रति म अडिग छु । अहिले पनि गल्ती भएको छ । सभाध्यक्ष भनेको सभामुख नै हो । उहाँले मतदान गरेर गलत नै भएको छ । पहिलेको निर्णय पनि सही थिएन । यसपटक हामीले त्यही दोहोऱ्यायौं ।' (बाँकी पृष्ठ २ मा)

# १८ अर्बभन्दा बढी बिगो दाबी, माधव–बाबुराममलाई छुट

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ललिता निवासको सरकारी जग्गा हिनामिना प्रकरणसम्बन्धी प्रतिवेदन जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंमा पेस गरेको छ । मंगलबार उक्त प्रकरणको अनुसन्धान प्रतिवेदन प्राप्त भएको जिल्ला सरकारी वकिल कार्यालयका प्रमुख अच्युतमणि न्यौपानेले जानकारी दिए ।

सिआइबीले उक्त प्रकरणमा संलग्न भनिएकाहरूमध्ये आइतबार राति पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईको बयान लिएको थियो । सोमबार नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री विजयकुमार गच्छदार, पूर्वमन्त्री चन्द्रदेव जोशी, पूर्वराज्यमन्त्री सञ्जय साह (टक्ला) लगायतको बयान लिएको थियो ।

बालुवाटारस्थित ललिता निवास जग्गा व्यक्तिको नाममा गरी हिनामिना भएको विषय हाल विशेष अदालतमा विचाराधीन छ । सिआइबीले सरकारी जग्गा व्यक्तिको नाममा कायम गर्दा सरकारी कागजात तथा दस्तखत कीर्ते प्रकरणमा अनुसन्धान अगाडि बढाएको थियो ।

### १८ अर्बभन्दा बढी बिगो

सिआइबीले १८ अर्बभन्दा बढी बिगो कायम गरेर वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको बताइएको छ । प्रतिवेदन ७७१ पेज लामो रहेको र घोटालामा संलग्न भएका जोकोहीलाई नछाड्न सरकारी वकिललाई राय दिइएको छ । मृत्यु भइसकेकाहरूको सम्पत्तिबाट पनि बिगो भराउन मागदावी लिनुपर्ने सरकारी वकिलको राय रहेको उल्लेख छ ।

यो जग्गा प्रकरणमा पूर्वमुख्यसचिव माधव घिमिरेसहित २१ जनाको मृत्यु भइसकेको छ । जग्गा फिर्ता लिने प्रयोजनभन्दा बाहेकका २३८ जनालाई 'संगठित कीर्ते' गरेर जग्गा हिनामिना गरेको कसूरमा प्रतिवादी कायम गरिएको सिआइबीले जनायो । बालुवाटारस्थित ललिता निवास क्याम्पको १४३ रोपनी छ आना तीन पैसा तीन दाम हिनामिना भएको सिआइबीको अनुसन्धान निष्कर्ष छ ।




- सिआइबीले १८ अर्बभन्दा बढी बिगो कायम गरेर वकिल कार्यालयमा अनुसन्धान प्रतिवेदन बुझाएको छ
- जग्गा फिर्ता गर्ने ४८ जनालाई कीर्ते र संगठित अपराधमा प्रतिवादी नबनाउने र २३८ जनालाई 'संगठित कीर्ते' गरेर जग्गा हिनामिना गरेको कसूरमा प्रतिवादी कायम
- पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराई, पूर्वमुख्यसचिव लीलामणि पौड्यालको बयान गराइए पनि प्रतिवादी बनाइएन

**ललिता निवास प्रकरण**

### माधव–बाबुराममलाई छुट

यो प्रकरणमा ४८ जनाले जग्गा फिर्ता दिने भनेर निवेदन दिएको सिआइबीले जनाएको छ । जग्गा फिर्ताका लागि निवेदन दिएकाहरूलाई कीर्ते र संगठित अपराधको मुद्दाबाट छुटकरा दिइएको खुलेको छ ।

ललिता निवासको जग्गा लिनेमध्ये सिपिका खेतानसहित ४८ जनाले मालपोत कार्यालय, डिल्लीबजारमा पनि निवेदन दिएका थिए । यसैगरी सिआइबीले यस प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र डा. बाबुराम भट्टराईलाई पनि मुद्दा चलाउनु नपर्ने राय दिएको छ । पूर्वमुख्यसचिव लीलामणि पौड्यालकोसमेत बयान गराइए पनि प्रतिवादी बनाइएको छैन ।

### कसरी जोडिए शीर्ष नेताहरू ?

यो प्रकरणमा पूर्वप्रधानमन्त्रीद्वय नेपाल र डा. भट्टराई मुछिएका उच्च पदस्थ राजनीतिज्ञ हुन् । प्रधानमन्त्री निवास विस्तारको निर्णयका कारण पूर्वप्रधानमन्त्री नेपाल ललिता निवास जग्गा प्रकरणमा तानिएका हुन् भने बाबुराम पशुपति टिकिन्छा गुठीका नाममा जग्गा दर्ता गर्ने निर्णयका कारण । २०६९ सालमा डा.भट्टराई नेतृत्वको सरकारले सरकारी निकाय समरजंग कम्पनीको जग्गा पशुपति टिकिन्छा गुठीका नाममा दर्ता गर्न सहमति दिएको थियो । जसका कारण, तीन रोपनी १२ आना जग्गा पशुपति टिकिन्छा गुठीमा गयो । तीन रोपनी १२ आनाको निर्णय भएपछि कार्यान्वयन हुँदा चानचुन पाँच रोपनी जग्गा पशुपति टिकिन्छा गुठीहुँदै मोहीहरूका नाममा दर्ता भएको थियो ।

पूर्वमन्त्रीहरू गच्छदार, छविराज पन्त, चित्रदेव जोशी, डम्बरबहादुर श्रेष्ठ, अख्तियारका पूर्वप्रमुख दीप बस्न्यात, पूर्वसचिव दिनेशहरि अधिकारी, पूर्वनिर्वाचन आयुक्त सुधीरकुमार शाह, पूर्वसहसचिव गेहनाथ भण्डारीलगायत उच्च पदस्थ अधिकारीहरू ललिता निवास जग्गा प्रकरणमा भ्रष्टाचारको आरोपमा परेका छन् । भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मीनबहादुर गुरुङसहित त्रिताल प्रतिवेदनले भूमाफिया किटान गरेका शोभाकान्त ढकाल, रामकुमार सुवेदी लगायत पनि भ्रष्टाचार मुद्दामा जोडिएका छन् । ललिता निवास क्षेत्रमा जग्गा किनेका ६५ जना जग्गाधनी र व्यवसायीलाई अख्तियारले जग्गा जफतका लागि प्रतिवादी बनाएको छ ।

यो प्रकरणमा सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी पनि तानिएका थिए, तर उनी आफ्नो नाममा बाँकी रहेको चानचुन एक आना जग्गा सरकारका नाममा दाखिला गरेर भ्रष्टाचार मुद्दाबाट जोगिए । (बाँकी पृष्ठ २ मा)

सन्दर्भ : वैदेशिक रोजगार

## सामाजिक सञ्जालको विज्ञापनमा विभागको निगरानी

■ प्रभाव संवाददाता

**काठमाडौं–** वैदेशिक रोजगार विभागले सामाजिक सञ्जालमार्फत हुने वैदेशिक रोजगारसम्बन्धी विज्ञापनमाथि निगरानी गर्न सुरु गरेको छ । समाजिक सञ्जाल (फेसबुक, इन्टाग्राम, टिकटकलगायत)मा गैरकानुनी रूपमा वैदेशिक रोजगारीका विज्ञापनहरू प्रकाशन/प्रसारण हुन थालेपछि विभागले निगरानी थालेको हो ।

विभागले यसका लागि छुट्टै टिकटक आइडीसमेत सञ्चालनमा ल्याएको छ । यसरी गैरकानुनी विज्ञापनको आवश्यक निगरानी र अनुगमन गर्न थालिएको विभागका निर्देशक एवं सूचना अधिकारी कविराज उप्रेतीले बताए । 'अहिले विभागले अनुगमनको कार्यलाई तीव्र बनाएको छ,' उनले भने, 'विभागको यस अभियानमा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरूले




सामाजिक सञ्जालमा हुने सूचना गलत हो या सही भनेर छुट्याउन हामीलाई सम्पर्क गरे समस्या हल भएर जान्छ ।'

वैदेशिक रोजगारीमा जाने व्यक्तिहरूले भ्रमपूर्ण विज्ञापनलाई सहजै विश्वास गरेका कारण पछिल्लो समय ठगीका घटना बढ्दै गएकोप्रति विभाग सजग बनेको उनले बताए । ठगी नियन्त्रणका लागि सरोकारवाला सबैले ध्यान दिनुपर्नेमा उप्रेतीले जोड दिए । 'जबसम्म भ्रमपूर्ण विज्ञापन तथा सूचनामा विश्वास हुन्छ तबसम्म ठगी झन् बढ्दै जान्छ र विभागको अनुगमन पनि फितलो रहन सक्छ,' उनले भने ।

निर्देशक उप्रेतीका अनुसार अहिले सामाजिक सञ्जालमार्फत भइरहेको ठगी नियन्त्रणका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले एकजना उपसचिवको संयोजकत्वमा एउटा छुट्टै समिति पनि बनाइसकेको छ । उक्त समितिले सामाजिक सञ्जालमा हुने भ्रमपूर्ण विज्ञापन तथा सूचनालाई नियन्त्रण गरी कसरी सही सूचना प्रवाह गर्न सकिन्छ भनेर गृहकार्य गरिरहेकोले त्यसको आधारमा विभागले थप निर्णय गर्ने बताइएको छ ।

सामाजिक सञ्जालबाट वैदेशिक रोजगारसम्बन्धी भ्रमपूर्ण विज्ञापन गर्ने प्रवृत्ति बढेपछि विभागले समयसमयमा सचेत गराउँदै प्रलोभन देखाई सामाजिक सञ्जालमा हुने विज्ञापनको विश्वास नगर्न पनि विभागले आग्रह गरेको छ । त्यस्तै विभागको अनुमतिवेगर वैदेशिक रोजगारसम्बन्धी कुनै पनि विज्ञापन वा सूचना प्रकाशन गर्न नपाइने उल्लेख गरिएको छ । केही दिनअघि विभागको अनुमति नलिई समाजिक सञ्जालमा विज्ञापन गर्ने इजाजत प्राप्त दुईवटा म्यानपावर कम्पनीलाई कारबाही गरेको थियो ।

## साउदीमा थप ५८ जनाले पाए 'एक्जिट भिसा'

**काठमाडौं (प्रस)–** वैदेशिक रोजगारीका लागि साउदी अरेबिया पुगेर विभिन्न समस्या झेलिरहेका थप ५८ जना नेपाली श्रमिकले 'एक्जिट (बहिर्गमन) भिसा' पाएका छन् । साउदीको अध्यागमन कार्यालयले हुरुब (कम्पनी छोडेर भागेका) लागेका र इकामा (बस्ने अनुमति) सकिएका वा नपाएका ५८ जनालाई एक्जिट भिसा दिएको हो ।

एक्जिट भिसा प्राप्त गरेका व्यक्तिहरूले जतिसक्दो चाँडो साउदी छाडिसक्नुपर्ने रियादस्थित नेपाली राजदूतावासले जनाएको छ । नेपाली दूतावास रियादबाट प्रक्रिया अगाडि बढाएका उनीहरूलाई एक्जिट भिसा दिइएको हो । एक्जिट भिसा प्राप्त गरेका नेपालीहरूलाई यथाशीघ्र साउदी छोड्न जानकारी दिँदै समयमै भिसाको म्याद हेर्न पनि दूतावासले आग्रह गरेको छ । एक्जिट भिसा प्रोसेसिङ निःशुल्क हुने र यसबापत कुनै पनि निकायमा रकम बुझाउनु नपर्ने दूतावासले जनाएको छ । तर, एक्जिट भिसा आइसकेपछि नेपाल फर्किने हवाई टिकट व्यक्ति स्वयंले व्यवस्था गर्नुपर्ने दूतावासले जारी गरेको सूचनामा उल्लेख गरिएको छ ।

दूतावासले इकामाको म्याद सकिएको तीन महिनाभन्दा बढी भइसकेका वा साउदी आएको तीन महिनाभन्दा बढी समयसम्म पनि इकामा प्राप्त नगरेका वा हुरूब लागेका व्यक्तिको मात्र एक्जिट भिसा प्रोसेसिङ गरिदिने प्रस्ट पारेको छ । त्यसैगरी, कुनै केस वा जरिवाना छ भने त्यसको छिनोफानो नभएसम्म एक्जिट भिसा नलाग्ने र भिसा दिने सम्पूर्ण अधिकार साउदीको अध्यागमन कार्यालयसँग मात्रै हुने दूतावासले प्रस्ट पारेको छ ।

यसैबीच दूतावासले रोजगारीको शिलशिलामा विविध कारणले जरिवाना लगाइएका व्यक्तिहरूको जरिवाना मिनाहका लागि साउदीको सम्बन्धित निकायहरूसँग छलफल थालेको छ । यसका लागि जरिवानामा परेको व्यक्तिहरूको विवरण संकलन कार्य सुरु गरेको दूतावासले जनाएको छ । यसरी अप्ठेरोमा परेका नेपालीहरूले आवश्यक जानकारी र सहजीकरणका लागि रियादस्थित दूतावासको कार्यालय र जेद्धास्थित नेपाली महावाणिज्यदूतावासमा बिदाको दिनबाहेक कार्यालय समयभित्र सम्पर्क राख्न सकिने जनाइएको छ ।


जनहितमा जारी सन्देश

**आँखा पाक्ने रोग अर्थात् भाइरल कन्जंक्टिभाइटिस लागेमा के गर्ने ?**

**भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे १ देखि २ हप्तामा आफैं निको हुन्छ ।**

**घरमा स्याहार गर्दा ध्यान दिनु पर्ने कुराहरु**

- बरफले आँखा सेक्दा आँखा बन्द गरेर वा सफा रुमालमा राखेर सेक्ने ।
- बाहिर घाममा जाँदा कालो चस्मा प्रयोग गर्ने ।
- आँखा नमिच्ने र आँखामा पानी नछ्याप्ने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेका रुमाल, टावेल, सिरानी, तन्ना आदि हरेक दिन धुने वा सफा गर्ने ।
- आँखा छोइसकेपछि साबुन पानीले मिचिमिचि राम्रोसँग हात धुने ।
- प्रशस्त मात्रामा पानी र पोषिलो खाना खाने ।
- संक्रमित व्यक्तिले प्रयोग गरेको सामान अन्य व्यक्तिलाई प्रयोग गर्न नदिने ।

**स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधी प्रयोग नगरौँ । दृष्टि कम हुने लगायतका आँखा सम्बन्धी समस्या बढेमा उपचारको लागि तुरुन्त स्वास्थ्यसंस्था जाऔँ ।**

प्रभाव दैनिक National Daily | www.prabhabonline.com | प्रभाव पब्लिकेसन प्रा.लि. कामपा–७, सिफल, काठमाडौं

# ‘न्यायाधीश नियुक्ति प्रक्रिया तत्काल सुरु गर्छु’

**काठमाडौं (प्रस)–** नवनियुक्त प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठले पदभार ग्रहण गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलबाट पद तथा गोपनीयताको शपथ लिएसँगै मंगलबार उनले पदवहाली गरेका हुन् । सर्वोच्च अदालतमा पुगेर पदवहाली गर्ने क्रममा उनले अदालतको पेसी र तारिख स्वचालित प्रणालीमा व्यवस्थापन गर्ने पहिलो निर्णय गरेका छन् । साथै उनले न्यायाधीश नियुक्ति प्रक्रिया तत्काल सुरु गर्ने बताए ।



३१औं प्रधानन्यायाधीशका रूपमा आफ्नो कार्यभार प्रारम्भ गरेका उनले न्यायको अनुभूति हुने गरी काम गर्ने बताए । आफ्नो कार्यकालमा केही गरेर जाने उल्लेख गर्दै उनले न्याय परिषद्को बैठक राखेर तत्काल न्यायाधीश नियुक्ति प्रक्रिया अघि बढाउने र मुद्दा फर्स्योटमा ध्यान दिने बताए ।

नेपालको संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपति पौडेलले सोमबार श्रेष्ठलाई प्रधानन्यायाधीश पदमा नियुक्त गरेका हुन् । संसदीय सुनुवाइ समितिले सोमबार नै प्रधानन्यायाधीशमा श्रेष्ठलाई सर्वसम्मत अनुमोदन गरेको थियो । वि.सं. २०१६ असोज २० मा डोटी जिल्लामा जन्मिएका प्रधानन्यायाधीश श्रेष्ठको कैलालीको धनगढीमा स्थायी बसोबास रहेकोमा हाल काठमाडौंको कुलेश्वरमा बस्दै आएका छन् । श्रेष्ठ २०८१ असोज १९ पछि अनिवार्य अवकाश हुनेछन् ।

शाखा अधिकृतदेखि प्रधानन्यायाधीशसम्म

कानुनमा स्नातक र मानवशास्त्रमा स्नातकोत्तरसम्मको अध्ययन गरेका उनी २०३८ चैत २७ गते न्याय सेवामा प्रवेश गरेका थिए । कानुन तथा न्याय मन्त्रालयमा शाखा अधिकृतका रूपमा अस्थायी नियुक्ति लिएका उनी २०४१ पुस ११ गतेदेखि शाखा अधिकृतका रूपमा स्थायी नियुक्ति लिएका थिए ।

२०४५ जेठ ३ गतेबाट उनले न्यायाधीशका रूपमा दार्चुला जिल्ला अदालतमा काम प्रारम्भ गरेका थिए । त्यसपछि डडेलधुरा, उदयपुर, मकवानपुर, झापा, बाँके र काठमाडौंमा जिल्ला न्यायाधीशका रूपमा काम गरेको लामो अनुभव छ । उनले तत्कालीन पुनरावेदन अदालतको न्यायाधीशका रूपमा वि.सं. २०६२ चैत १० गतेदेखि काम सुरु गरेको थियो । तत्कालीन पुनरावेदन अदालतको न्यायाधीशका रूपमा उनले बागलुङ इजलासमा काम गरे । प्रधानन्यायाधीश श्रेष्ठले पुनरावेदन अदालत पाटन र पोखरामा पनि न्यायाधीशका रूपमा काम गरे ।

श्रेष्ठ २०७० साउन ८ गते पुनरावेदन अदालत पोखराको निमित्त मुख्य न्यायाधीश भएका थिए भने २०७१ भदौ १० गतेदेखि पुनरावेदन अदालत हेटौंडाको मुख्य न्यायाधीशका रूपमा काम गरे । उनले सन् २००४ मा गोरखा दक्षिण बाहु तेस्रो र सन् १९९१ मा गोरखा दक्षिण बाहु चौथो प्राप्त गरेका थिए । उनले थाइल्याण्ड, दक्षिण कोरिया, पाकिस्तान, फिलिपिन्स र जापानको भ्रमण गरेका छन् । २०७३ साउन १७ गतेदेखि सर्वोच्च अदालतको न्यायाधीशका रूपमा काम गर्न थालेका उनले सर्वोच्च अदालतमा वरिष्ठतम् न्यायाधीशका रूपमा काम गरिरहेका थिए । प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशको उमेर हद ६५ वर्ष छ ।

# छात्रवृत्तिका लागि सिफारिस भएका विद्यार्थीसँग शुल्क लिए कारबाही

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाबाट कक्षा ११ र १२ मा यस शैक्षिकसत्रका लागि अध्ययन छात्रवृत्तिका लागि सिफारिस भएका विद्यार्थीले सम्बन्धित विद्यालय तथा क्याम्पसमा कुनै पनि प्रकारको शुल्क तिर्नुनपर्ने स्पष्ट गरेको छ ।

कतिपय शिक्षालयमा आन्तरिक, प्रयोगशाला र विविध शीर्षकका नाममा शुल्क लिएको तथा स्थान अभावका कारण देखाएर भर्ना लिन आनाकानी गरेको भन्ने गुनासोका सन्दर्भमा महानगरपालिकाको शिक्षा विभागले सुनुवाइ र सम्बोधन गरेको छ । विभागले यही भदौ १ गते पत्र पठाइ कक्षा ११ र १२ सञ्चालन गरिरहेका निजी (संस्थागत) विद्यालयका सञ्चालनकलाई बोलाइ कुनै छात्रवृत्तिमा सिफारिस भएका विद्यार्थीलाई भर्ना नलिएमा, शुल्क लिएमा वा मानसिक यातना दिएमा कारबाही गर्ने जनाउ पनि दिइसकेको छ ।

सोसँग सम्बन्धित गुनासो सम्बोधन भएको र अझै बाँकी रहेमा महानगरपालिकामा सम्पर्क गर्न आग्रह गरिएको छ । महानगरपालिकाका शिक्षा अधिकारी सीताराम कोइरालाले गत साउन २० गते छात्रवृत्ति परीक्षामा सम्मिलित भई म्याचिङ प्रणालीबाट अन्तिम योग्यताक्रमको आधारमा पहिलो भर्ना सूचीमा परेका विद्यार्थीलाई यही भदौ ३ गतेसम्म सम्बन्धित शिक्षण संस्थामा भर्ना गरी जानकारी गराउन पनि पत्राचार गरेको थियो ।


## साउदी/कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRITISH INTERNATIONAL GROUP FOR PROJECT MANAGMENT AND EDUCATIONAL SERVICES COMPANY

पूर्व स्वीकृति मिति २०८०/०५/०५ LT. No.291515 चलानी नं. ६०२०६६१६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 30 | 60 | 85 | ३६६८७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**

श्रम ईजाजत न .७९७/०६५/०६६

Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com


## फरारमध्ये थप...

पृष्ठ १ बाट जारी

केही घाइते उपचारपश्चात् फर्किएको र बाँकीको उपत्यकाका विभिन्न अस्पतालमा उपचार भइरहेको प्रहरीले जनाएको छ ।

सुधारगृहबाट उपचारका लागि नागरिक अस्पताल पुऱ्याएपछि मृत्यु भएका बस्नेतको अझै शव परीक्षण भएको छैन । मृतकका परिवार तथा आफन्तले प्रहरीमा जाहेरी नदिएकै कारण शव परीक्षण हुन नसकेको प्रहरी उपरीक्षक केसीले जानकारी दिए । उनले मृतकका परिवारसँग भएको छलफलमा आज (बुधबार) जाहेरी दिने र त्यसपछि शव परीक्षण गर्ने तयारी भएको जानकारी दिए । सुधारगृहभित्र आइतबारबाट भएको घटनाले उग्ररूप लिएपछि तीन दिनदेखि यहाँ रहेका बालबालिका भने त्रसित रहेका छन् ।

### छानबिन सुरु

आइतबारको घटनापछि जिल्ला सुरक्षा समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालको अध्यक्षतामा बसेको बैठकले घटनाबारे यथार्थ बुझ्न सहायक प्रमुख जिल्ला अधिकारी डोरेन्द्रप्रसाद निरौलाको नेतृत्वमा गठन गरेको छानबिन समितिले मंगलबारदेखि काम सुरु गरेको छ ।

घटनाको अनुसन्धान तथा छानबिन गरी सत्यतथ्य ल्याउन सहायक सिडिओ निरौलाको नेतृत्वमा प्रहरी परिसर भक्तपुरका प्रहरी नायब उपरीक्षक वसन्त पाठक, जिल्ला प्रशासन कार्यालयका अधिकृत अशोककुमार पोखरेल सदस्य सचिव र महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका अधिकृत प्रतिनिधि सदस्य रहेको छनबिन समिति गठन गरेकोमा त्यस समितिले मंगलबारैदेखि आफ्नो काम सुरु गरेको प्रमुख जिल्ला अधिकारी रिजालले जानकारी दिए ।

‘छानबिन समितिले आजैदेखि आफ्नो काम सुरु गरेको छ । आज समितिको टोलीले सुधार गृह गएर त्यहाँका बन्दी, कर्मचारी, व्यवस्थापकलगायतका विभिन्न व्यक्तिसँग सोधपुछ गर्ने काम सुरु भएको छ । सात दिनभित्र यसको प्रतिवेदन आएपछि सुधारगृह र घटनाको वास्तविकता आउनेछ,’ मंगलबार उनले भने । *रासस*

## कोशी सरकार...

पृष्ठ १ बाट जारी

कोशीका मुख्यमन्त्री थापाले बहुमत पुऱ्याउनका लागि सोमबार सभा सञ्चालन गरिरहेका मन्सुराई पनि मत हाल्न लगाएका थिए । कोइरालाले यस प्रकरणमा फेरि सर्वोच्च अदालतले निर्णय दिने बताए । उनले सर्वोच्चबाट फेरि पहिलेजस्तै निर्णय आउने र सरकार गठन प्रक्रिया संविधानको धारा १६८ को उपधारा ३ मा प्रवेश गर्ने सम्भावना औंल्याए । कांग्रेसजस्तो लोकतान्त्रिक पार्टी पनि किन यस्तो अलोकतान्त्रिक खेलमा संलग्न भन्ने संवाददाताहरूको प्रश्नमा कोइरालाको जवाफ थियो, ‘यहाँ कांग्रेस मात्र एक्लै छैन । सत्ता गठबन्धन छ । त्यसैले कांग्रेसको निर्णयले मात्र हुने होइन । गठबन्धनले जे निर्णय गऱ्यो त्यही हुने हो ।’

कोइरालाले नक्कली भुटानी शरणार्थी प्रकरणमा अनुसन्धानमा संलग्न प्रहरी अधिकृतको सरुवाप्रति पनि आपत्ति प्रकट गरे । ‘अनुसन्धानमा संलग्न प्रहरी अधिकृतहरूको सरुवा भएको छ,’ डा. कोइरालाले भने, ‘अनुसन्धानले गर्ने निर्णय अब सरकारले नै गर्न थालेको छ । अनुसन्धानको त एउटा प्रक्रिया हुन्छ । कुनै पनि अनुसन्धान निश्चित समयमा एउटा ठोस निष्कर्षमा पुग्छ । तर यहाँ त अनुसन्धान निष्कर्षमा पुग्नै नपाई सरकार आफैंले अनुसन्धानको डिटरमाइन्ड गरेको छ । यसले लोकतान्त्रिक पद्धति र मूल्यमान्यतालाई कमजोर बनाएको छ ।’

## १८ अर्बभन्दा...

पृष्ठ १ बाट जारी

एमाले नेता विष्णु पौडेलको छोरा नविनको नाममा पनि ललिता निवासमा जग्गा थियो, उनले पनि आफ्नो नाममा रहेको जग्गा सरकारीकरण गर्न अनुमति दिए ।

### कसरी पुग्यो व्यक्तिको नाममा ?

ललिता निवास कुनै बेला राणा परिवारको थियो । राणा परिवारको कुलदेवी ललितादेवीको नामा उक्त क्षेत्रको नाम ललिता निवास रहेको हो । ललिता निवासको ३०० रोपनी क्षेत्रमा नेपाल राष्ट्र बैंक, प्रधानमन्त्री, प्रधानन्यायाधीश, सभामुख र राष्ट्रिय सभाका अध्यक्षको निवास छ । त्यसमध्ये बाँकी १४३ रोपनी छ आना तीन पैसा तीन दाम सरकारी जग्गा भने मानोमानी ढंगले सयभन्दा बढी व्यक्तिको नाममा कीर्ते हुँदै बिक्रीवितरण भइरहेको खुलेको हो ।

उक्त जग्गा तत्कालीन प्रधानमन्त्री भीमशमशेरले किनेका थिए । पछि उनका छोरा हिरण्यशमशेरले अंश पाएका थिए । उक्त जग्गा उनका छोरा सुवर्णशमशेरले अंशस्वरूप पाए । सुवर्ण कांग्रेसका परिचित नेता हुन् । उनको जग्गा पछि राजा महेन्द्र हुँदै पञ्चायत सरकारले अधिग्रहण गरेको देखिएको छ । सिआइबीको अनुसन्धानअनुसार २०४९ देखि २०७० सम्मा पाँचपटक गरी सरकारी जग्गा व्यक्तिको नाममा दर्ता भएको देखिन्छ । डेढ दशकको अवधिमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ललिता निवासको जग्गाबारे चार पटक निर्णय गरेको विभिन्न कागजातबाट भेटिन्छ । १८ असार २०६० मा ललिता निवास सम्बन्धी उजुरी तामेलीमा राख्ने निर्णय भएको थियो । त्यसको ९ महिनापछि ३ चैत २०६० मा अख्तियारले ललिता निवासको केही जग्गा ‘गुठीमा जग्गा कायम हुने’ भनी निर्णय गरेको थियो ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : QATAR CLEANING COMPANY WLL

पूर्व स्वीकृति मिति २०८०/०५/०३ LT. No. 291273 चलानी नं. ६०२०६५८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 60 | 0 | 1000 | ३६,५२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**

(STAR INTERNATIONAL HUMAN RESOURCE PVT. LTD.)

श्रम ईजाजत नं. ९५४/०६७/६८

Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944



## हेली साइट(प्रा.लि.) को खारेजी (लिक्वीडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनि ऐन २०६३ बमोजिम मिति २०७४/०५/११ मा दर्ता भएको प्रा.लि. नं. १७३९४७/७४/७५ को हेली साइट प्रा.लि.लाइ खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनि ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०५/०५ गतेको बिशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एवं कोहि कसैको बाँकि बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदाबी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बबरमहल काठमाण्डौंमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्वीडेटर
शेर बहादुर रोकाया
लिक्वीडेटरको कार्यालय
बबरमहल काठमाण्डौं
इजाजत पत्र नं.२८७
फोन नं ९८४१३४०४०३



## ए.बि.पि. सपिङ्ग हाउस (प्रा.लि.) को खारेजी (लिक्वीडेसन) सम्बन्धमा हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनि ऐन २०६३ बमोजिम मिति २०७८/०६/१० मा दर्ता भएको प्रा.लि. नं. २७३२९०/७८/७९ को ए.बि.पि. सपिंग हाउस प्रा.लि.लाइ खारेजी (लिक्वीडेसन) मा लैजाने कम्पनि ऐन २०६३ को दफा १२६ बमोजिम मिति २०८०/०३/१८ गतेको बिशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनीले तिर्नु व्यहोर्नु पर्ने ऋण धन एवं कोहि कसैको बाँकि बक्यौता लेनदेन आदि भएमा स प्रमाण सहित हकदाबी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरको कार्यालय बबरमहल काठमाण्डौंमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

लिक्वीडेटर
शेर बहादुर रोकाया
लिक्वीडेटरको कार्यालय
बबरमहल काठमाण्डौं
इजाजत पत्र नं.२८७
फोन नं ९८४१३४०४०३



Tribhuvan University

## Radijyula Shiksha Campus

Aathbiskot, Rukum (West)
Karnali Province, Nepal

## INVITATION FOR BIDS

Contract Identification No: RSC/NCB/W-01/2080/081
Date of publication: **2080/05/06 B.S. (23th August, 2023)**

1. Radijyula Shiksha Campus Office invites electronic bids from eligible bidders for the following work under National competitive Bidding (NCB) procedure. Some of the qualification criteria are mentioned below, through the details are:

| S.N. | Contract No. | Description of work | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Submission Deadline | Bid Opening Date | Estimate Amount (Inc. VAT) NRs. |
|---|---|---|---|---|---|---|---|
| 1. | RSC/ NCB/W-01/2080/081 | Construction of 2 storey 4 room RCC frame structure building (Block- C) of Radijyula Shiksha Campus. | 3000.00 (Non-Refundable) | 1,60,000.00 | 24 Sep 2023 12:00 Noon | 24 Sep 2023 02:00 PM | 5,786,493.30 |
| **Place to Purchase & Submit the Bid Document** | | | | PPMO'S website: www.bolpatra.gov.np/egp | | | |
| Account details for the payment of non-refundable bid document fee | | | | Bank Name: Prabhu Bank Ltd. Bank Address: Aathbiskot Municipality 09, Rukum (west) Account holder's Name: Radijyula Shiksha Campus Account Number: 2607087380000018 | | | |
| Account details to furnish the bid security amount | | | | Bank Name: Prabhu Bank Ltd. Bank Address: Aathbiskot Municipality 09, Rukum (west) Account holder's Name: Radijyula Shiksha Campus Account Number: 2607087380000018 | | | |

2 Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website: www.bolpatra.gov.np/egp

Nayana Chand
Campus Chief

# बाढीबाट करिब एक अर्बको क्षति

**म्याग्दी–** मुस्ताङको बारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ कागखोलामा आएको बाढीले पुऱ्याएको क्षतिको विवरण १० दिनपछि मंगलबार सार्वजनिक गरिएको छ ।

बारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको विपद् व्यवस्थापन समितिले सुरक्षा निकाय, प्रशासन र रेडक्रसको सहयोगमा संकलन गरेको विवरणअनुसार बाढीले कागबेनीमा करिब एक अर्ब रूपैयाँ बराबरको क्षति पुऱ्याएको जनाएको छ । भौतिक संरचना, स्थानीयवासी, भाडामा व्यवसाय गरी बस्ने व्यक्ति, मजदुर, कार्यालय र संघ/संस्थाको समूहमा क्षतिको विवरण तयार पारिएको गाउँपालिका अध्यक्ष रिनजिन गुरुङले जानकारी दिए ।



'नगद, सामान र संरचनामा मात्र ८१ करोड ८३ लाख २५ हजार रूपैयाँ बराबरको क्षति भएको छ,' उनले भने, 'सडक, मोटरेबल पुल, झोलुंगे पुल, गुम्बा, मन्दिर, धर्मशाला, सामुदायिक, वडा, प्रहरी चौकीको भवन, तटबन्धलगायत १४ वटा भौतिक पूर्वाधारतर्फ २१ करोड दुई लाख रूपैयाँ बराबरको क्षति भएको छ ।'

उक्त क्षतिमध्ये व्यक्तिका ५० घरमा ५२ करोड ८९ लाख ७५ हजार रूपैयाँ मूल्य बराबरको क्षति भएको गाउँपालिकाले जनाएको छ । बाढीबाट २२ वटा घर पूर्ण र पाँचवटा घरमा आंशिकरूपमा क्षति भएको छ । नौ वटा गोठमा पूर्ण र १५ वटा गोठमा आंशिक क्षति हुँदा २४ वटा गाई र एक वटा घोडा मरेका छन् ।

उन्नाइस वटा दुई पांग्रे र तीनवटा चार पांग्रे सवारीसाधनमा क्षति भएको छ । उन्नाइस जना भाडामा बस्ने सर्वसाधारण तथा व्यवसायीको तीन करोड नौ लाख रूपैयाँ मूल्य बराबरको सामग्री नष्ट भएको छ । बाह्र वटा सरकारी तथा सामुदायिक संरचनामा चार करोड ८० लाख ६० हजार रूपैयाँ क्षति भएको गाउँपालिकाले जनाएको छ ।

अठार जना कृषकको ४५ रोपनीभन्दा बढी जग्गा बाढीले पुरेको छ । २७४ स्याउका बोट बाढीले नष्ट गरेको छ । साउन २८ गते साँझ ८ बजे कागखोलाको सहायक तिरिखोला थुनिएर आएको बाढी कागबेनीको बस्तीमा पसेको थियो । कागबेनीमा रहेका नेपाल इन्भेष्टमेन्ट मेगा र प्रभु बैंकको शाखा रहेको घरमा बाढी पन्छाउने क्रममा सुरक्षाकर्मीलाई आइतबार लकरमा राखेको एक करोड ६५ लाख रूपैयाँ सुरक्षित भेटाएर सम्बन्धित बैंकलाई बुझाएका प्रमुख जिल्ला अधिकारी अनुप केसीले जानकारी दिए ।

माथिल्लो क्षेत्रका बासिन्दाले सूचना दिएपछि भागेर ज्यान बचाएका कागबेनीका बासिन्दाले ठूलो भौतिक क्षति बेहोर्नुपरेको छ । कागबेनीको बस्तीभित्र पसेको बाढी पन्छाउने, उपल्लो मुस्ताङ जोड्ने सडक मर्मत, खानेपानी, विद्युत् आपूर्तिलगायत काममा जनप्रतिनिधि, स्थानीयवासी र सरकारी निकाय जुटेका छन् । *रासस*


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TECHNOMARS GENERAL CONTRACTING LLC

पूर्व स्वीकृति मिति : २०७६/११/०६ पुन विज्ञापन स्वीकृति मिति २०७८/११/१७ LT. No. 257989 चलानी नं. ६०१७५२५४

| सि. नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Scaffolder/Blacksmith | 20 | 0 | 1300 | ४२,७३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ बर्ष |
| 2 | Concrete Mason/Carpenter | 17 | 0 | 1300 | ४२,७३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान:**
इटहरी खुकुरी होटल मिति: २०८० भदौ १२/१३ गते (29/30th. Aug 2023) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १४ गते (31nd Aug. 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने / कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने | कामदारलाई हवाई टिकट कसलेदिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | बिमा हुने /प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले दिने | रु.७००/- कामदार आफैंले | रोजगारदाताले दिने |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु.१,५०० कामदार आफैंले **सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने :** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**MBK OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ५४२/०६१/०६२
Samakhusi, Ktm, Nepal, Tel:- +977-4989760 / 4989761, Fax:- + 977-1-4989762
Email: mbkoverseas@gmail.com, www.mbkoverseas.com
Contact: 9841935884, 9841541592, 9808658844, 9842716845, 981533303


# बागमतीका विनाविभागीय मन्त्री चित्रकारले पाए जिम्मेवारी

**मकवानपुर (प्रस)–** बागमती प्रदेशको मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले विनाविभागीय मन्त्री रामकृष्ण चित्रकारलाई उद्योग, वाणिज्य तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिने निर्णय गरेको छ ।

सोही बैठकले प्रदेश आन्तरिक पर्यटन काजसम्बन्धी मापदण्ड, २०८० लाई स्वीकृति प्रदान गर्ने निर्णय गरेको आन्तरिक मामिला तथा कानुनमन्त्री एवं सरकार प्रवक्ता गंगानारायण श्रेष्ठले बैठकपछि सञ्चारकर्मीलाई जानकारी दिए ।

बैठकले बलेफी गाउँपालिकाको वडा संख्या तथा सिमाना हेरफेरका लागि संघीय सरकारलाई सिफारिस गर्नेसमेत निर्णय भएको प्रवक्ता श्रेष्ठले बताए । बैठकले प्रदेश सञ्चारमाध्यम व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक र प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक, २०७५ लाई प्रदेशसभामा पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय पनि गरेको छ ।

यसैगरी बैठकले विज्ञान प्रविधि नवप्रवर्द्धन तथा विकास कोष सञ्चालन पेस गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ । प्रवक्ता श्रेष्ठले बागमती प्रदेशसभाको बैठक भदौ १७ गतेका एवं पूर्वउपप्रधानमन्त्री सुजाता कोइराला र नेपालका लागि जापानी राजदूत किकुता युतुकाले मंगलबार संयुक्त रूपमा उद्घाटन गरिन् । उनले आफ्नो आमाको जलनको कारण उपचारको अभावमा मृत्यु भएको चर्चा गर्दै कोही नेपाली पनि जलनका कारण मृत्यु हुन नपरोस् भन्ने चाहनाका साथ अस्पताल स्थापना गरिएको बताइन् ।

उक्त अस्पतालले हालसम्म २४ हजार बिरामीको शल्यक्रिया गर्नाका साथै चार लाख ५० हजार बिरामी जाँच गरिसकेको छ । जापान सरकारबाट उपलब्ध गराइएको उपकरणले जलनका बिरामीको उपचारमा थप टेवा मिल्ने अस्पतालका मेडिकल डाइरेक्टर डा. विक्रम भण्डारीले बताए ।

कार्यक्रममा नेपालका लागि जापानी राजदूत युतुकाले राजदूतावासको सानो सहयोगले जलनका बिरामीको जीवन रक्षा गर्न ठूलो भूमिका निर्वाह गर्ने विश्वास व्यक्त गरे । अस्पतालमा आगोले पोलेको, करेन्ट तथा एसिडबाट भएका जलनको उपचार हुनाका साथै अन्य विशेषज्ञ सेवा दैनिक रूपमा उपलब्ध हुँदै आएको छ ।


## अथर्व बहुउद्धेश्यीय सहकारी संस्था लि.

प्रधान कार्यालय का.म.न.पा-७, चुच्चेपाटी, काठमाडौं
फोन नं. : ०१-४५७४४०२, ४४९५४०२

**कर्जा चूक्ता गर्ने सम्बन्धी ७ दिने अत्यन्त जरूरी सार्वजनिक सुचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८०/०५/०६**

यस संस्थाबाट ऋण लिई कारोबार गर्ने तपशीलमा उल्लेखित ऋणी तथा जमानीले यस शहकारी संस्थाबाट लिनुभएको धितो कर्जा बापत तिर्नु/बुझाउनु पर्ने साँवा, ब्याज हर्जना आदि दैदस्तुर समेतको रकम भाखा भित्र नबुझाई कर्जा सम्बन्धि शर्त बन्देजहरु उल्लंघन गरेको र ऋण तिर्न बारम्बार लिखित तथा मौखिक तरताकेता गर्दा समेत सम्पर्कमा नआई तपाईहरुले ऋण तिर्न बुझाउन, कुनै पहल नगरेको कारणले मिति २०७९/१२/१६ गते र मिति: २०८०/०४/१५ गतेको 'प्रभाव राष्ट्रिय दैनिक' पत्रिकामा क्रमश: ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋण चुक्ता भुक्तान गर्न चासो नदेखाई बेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न आउन यो ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा तँपाई ऋणीले ऋणको सुरक्षण बापत संस्थालाई लेखी लेखाई दिनु भएको चल अचल सम्पत्ति सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियम तथा ऋण लगानी असुली निति, एवं प्रचलित ऐन कानुन बमोजिम लिलाम बिक्री गरी कर्जा असुल उपर गरिनेछ । साथै लिलाम बिक्रीबाट सम्पूर्ण कर्जाको साँवा, ब्याज हर्जाना असुल उपर, नभएमा तपाई ऋणी तथा एकाघरका परिवार तथा जमानी दिनेको नाममा रहेको अन्य चल अचल सम्पत्तिबाट समेत कानुन बमोजिम संस्थाको लेना रकम असुल उपर गरिने व्यहोरा समेतका साथ यो सुचना प्रकाशित गरिएको छ ।

| ऋणीको विवरण | जमानीको विवरण | धितोको विवरण |
|---|---|---|
| नाम : भुवन नाथ<br>बाबुको नाम : कृष्ण नाथ<br>बाजेको नाम : राधी नाथ<br>ना.प्र.नं. : ८९<br>स्थायी ठेगाना : साविक दशरथचन्द-४, बैतडी<br>अस्थायी ठेगाना : बुढानिलकण्ठ न.पा.-८, काठमाडौं | नाम : शारदा कुमारी ऐर<br>बाबुको नाम : उधव सिंह ऐर<br>बाजेको नाम : सर्व सिंह ऐर<br>ना.प्र.नं. : ३९३<br>स्थायी ठेगाना : साविक अमरगढी-१०, डडेलधुरा<br>अस्थायी ठेगाना : बुढानिलकण्ठ न.पा.-८, काठमाडौं | भुवन नाथको नाममा मालपोत कार्यालय चावहिल, काठमाडौंमा दर्ता श्रेष्ता कायम रहेको काठमाडौं जिल्ला साविक महाँकाल गा.वि.स. वडा नं. ३ सिट नं. १०२०९४८०७ स्थित कित्ता नं. १२४ को क्षेत्रफल १९१.०० व.मि. रहेको जग्गा तथा सो जग्गाले चर्चेको लिगलगापात समेत । |



## सच्याइएको

यस प्रभाव दैनिकको वर्ष १० अंक १२१ भदौ ५ गते २०८० मा प्रकाशित **Raj Group of Company Pvt. Ltd.** को Lot No. 260686 को **Metro Taxi Llc** कम्पनीको विज्ञापनमा Light Vehicle Driver मा पुरुष कामदारको संख्या २४ हुनुपर्नेमा अन्यथा सच्याईएको जानकारी गराईन्छ ।

**Raj Group Of Company Pvt.Ltd.**
श्रम ईजाजत नं ९१४५/०७३/०७४
Basundhara-3, Kathmandu, Nepal Tel : 0977-01-4386500
Email : info@rajgroupnepal.com URL: www.rajgroupnepal.com

## मोटरसाइकल हराएको सूचना

मिति २०८०/०४/२६ गते निम्न विवरणको Apache RTR को कालो रङको मोटरसाइकल कागेश्वरी मनोहरा नगरपालिका वार्ड न.७, हरहर महादेव हजुरको धाराबाट पार्किङ गरिराखेको अवस्थामा रातको ११:०० बजेदेखि २७ गते बिहान ४:०० बजेको समयभित्र हराएको हुँदा देख्नुहुने महानुभावले तुरुन्त मेरो निम्न मोबाइल नम्बर वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**धनीको नाम : राधाकृष्ण सुवेदी**
**बाइक नं.: बा.प्र -०२-०४२ प ०८९१**
**च्यासिस नं.:** MD637ET17N2N00106
**इन्जिन नं. :** DT1NN2100044
**ठेगाना: कागेश्वरी मनोहरा ७, संगम टोल**
**मो.नं.: ९८६०५३९७७५**

## सच्याईएको सूचना

**मिति २०८०/०४/०४ मा प्रभाव पब्लिकेशन्समा प्रकाशित मोटरसाइकल हरायो मा ईन्जिन नम्बर DHXPNC12617 हुनु पर्नेमा यथावत भएको हुदाँ यसै सुचनाद्वारा सच्याईएको जानकारी गराउदछु ।**

## मोटरसाइकल हराएको-सूचना

मिति २०८०/०३/०९ गते बिहान ३ बजे का.जि.गोकर्णेश्वर न.पा. वडा नं. ५ जोरपाटी स्थित घरको कम्पाउण्डभित्र पार्किङ्ग गरिराखेको बा.प्र.०२,०४०प २८१४को कालो रातो रङ्को २२० सिसिको निम्न व्यहोरा भएको मोटरसाईकल हराएको हुदाँ पाउनु हुने महानुभावले निम्न ठेगाना वा नजिकैको प्रहरी कार्यालयमा खबर गरिदिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनी: दया अटो ईन्टरप्राईजेज**
ईन्जिन नं.:DKXCMJ32157
च्यासिस नं.:MD2A13EX6MCJ98364
सम्पर्क नं.:9851173155

## कम्पनीको नाम परिर्वतन गरिएको सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८०/०४/६**

यस कम्पनीको मिति २०८०/०४/३० मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम कम्पनीको साविकको नाम **जनता गोल्डेन व्राइट फ्युचर पोलिक्लिनिक प्रा.लि**को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु सम्पूर्ण कर दायित्व आदि **जनता गोल्डेन व्राइट फ्य'चर क्लिनिक प्रा.लि.** (नाम परिवर्तन) कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०५/०४ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **जनता गोल्डेन व्राइट फ्य'चर क्लिनिक प्रा.लि. (प्रा.लि.नं.३१४६६५)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराईन्छ ।



## Bhimphedi Rural Municipality

### Office of Rural Municipal Executive

Bhimphedi, Makwanpur
Bagmati Province, Nepal.

## INVITATION FOR BIDS

**Date of publication: 23-08-2023**

1. The Bhimphedi Rural Municipality has allocated funds towards the cost of Irrigation Project of following details and invites following electronic bids from eligible national competitive bidders.
2. The details of the project is as following.

| Contract No/ID | Description of Procurement | Bid Security Amount (Rs.) | Bid Document Fee (Rs.) | Bid Validity/ Bid Bond Validity Period | Last Date of Bid Submission | Cost Estimation. Rs. (Exclusive of VAT & Contingencies) |
|---|---|---|---|---|---|---|
| BRMMK/NCB/ CCKSY/03-2080.081 | Construction of Chyau Khola Khadedhar Sinchai Yojana | 2,92,000 | 3,000 | 90 Days/120 Day's form Last date of bid submission. | 22-09-2023 until 12:00 | 87,05,480.29 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 22-09-2023 14:00 hours at the office of Bhimphedi Rural Municipality Bhimphedi, Makwanpur, Bagmati Province Nepal.
5. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.
7. Eligible Bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/epg.

**Bhimphedi Rural Municipality**
**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### अनुसन्धान प्रभावित पार्ने खेल

**सरकारले नक्कली भुटानी शरणार्थी प्रकरणको कमाण्ड सम्हालेका प्रहरी अधिकृतहरूलाई गैरजिम्मेवार ढंगले सरुवा गरेको छ। नक्कली भुटानी शरणार्थी प्रकरण अनुसन्धानमा उम्दा मानिएका एआइजी श्याम ज्ञवालीलाई मन्त्रिपरिषद्को बैठकले प्रहरी प्रधान कार्यालयको कार्य विभागमा सरुवा गरेको हो। उनी काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख थिए। त्यसैगरी सरकारले काठमाडौं प्रहरीका प्रमुख एसएसपी दानबहादुर कार्की र काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका एसएसपी मनोज केसीलाई पनि सरुवा गरेको छ।**

**प्रहरी नियमावलीअनुसार सरुवा भएको वर्ष दिन नपुगी प्रहरी अधिकृतहरूलाई सरुवा गर्न मिल्दैन। सरुवा नै गर्नुपरेमा कुनै कारण हुनुपर्छ। तर, शरणार्थी प्रकरणमा उम्दा प्रहरीका नेतृत्वलाई सरकारले सरुवा गराएर गल्ती गरेको छ। प्रधानमन्त्री पुष्पकमल दाहालले सरकार कुनै भ्रष्टाचारीसामु नझुक्ने वाचा पटक–पटक कसेका थिए। गृहमन्त्री नारायणकाजी श्रेष्ठ पनि भ्रष्टाचार र अनियमिततामा संलग्नहरूलाई कुनै हालतमा नछाडिने दाबी गर्ने सरकारका एक सदस्य हुन्। तर, पछिल्लो समय श्रेष्ठ प्रधानमन्त्री दाहाल र गठबन्धन दलका शीर्ष नेताहरूसँग लत्रिन थालेका छन्।**

**ललिता निवास प्रकरण, सुन काण्ड र नक्कली भुटानी शरणार्थी प्रकरण छानबिनमा शीर्ष नेताहरू तानिन थालेपछि श्रेष्ठलाई कांग्रेस सभापति शेरबहादुर देउवादेखि एमाले नेता केपी ओलीसम्मको दबाब पर्न थालेको बताइएको छ। पछिल्लो सर्वदलीय बैठकहरूमा देउवा र ओलीले श्रेष्ठलाई 'हिरो नबन्न' संकेत गरेको बताइएको छ। देउवा र ओलीको पेलानमा पर्दा प्रधानमन्त्री दाहालसमेत मौन रहेपछि श्रेष्ठले खुरुखुरु प्रहरी अधिकृतहरूको सरुवा मानेको बताइन्छ।**

**शरणार्थी प्रकरणमा पूर्वगृहमन्त्रीसमेत रहेका कांग्रेस नेता बालकृष्ण खाण र पूर्वउपप्रधानमन्त्रीसमेत रहेका एमालेसचिव टोपबहादुर रायमाझी परेका छन्। दुवै नेता अहिले पूर्पक्षका लागि थुनामा छन्। यता कांग्रेस नेतृ आरजु देउवाको नामसमेत यो प्रकरणमा मुछेको छ। अन्य नेताको पनि पोल खुल्ने डरले अहिले कांग्रेस र एमालेका शीर्ष नेताहरू त्रसित बनेपछि प्रहरी अधिकारीहरूमाथि शीर्ष नेतृत्व क्रुर बनेको बताइन्छ। ज्ञवालीको सरुवामा देउवाले धेरै अघिदेखि चासो देखाए पनि गृहमन्त्री श्रेष्ठले मानिरहेका थिएनन्। पछिल्लोपटक सर्वदलीय बैठकमा देउवा र ओली आक्रोशित बनेपछि श्रेष्ठ लत्रिएको बताइएको छ। नक्कली शरणार्थीजस्तो संगठित अपराधलाई प्रभावित पार्ने गरी सत्तासीन दल र प्रतिपक्षी दलका शीर्ष नेताले यसरी दबाब दिएर धमिलो पानीमा माछो मार्ने खेल पक्कै पनि ठीक छैन। अनुसन्धान प्रभावित पार्ने खेल कसैले पनि नखेलोस्।**

## मननयोग्य

### चाणक्य नीति

त्रिनेत्र-सम्पूर्ण प्रयत्न विफल भइरहेछन्। चन्द्रगुप्तको कुरा मुखबाट निक्लिदै नागरिक आइलाग्छन्। सोच्दासोच्दै कसरी रात बित्यो, कतिखेर सूर्योदय भयो, थाहै भएन चाणक्य अधीर हुँदै यताउता टहल्दै थिए। चन्द्रगुप्त र त्रिनेत्र मात्र उत्कण्ठाले हेरिरहेथे। धेरै समयपछि अचानक उनको वाक्य फुट्यो, त्रिनेत्रलाई भने-'आँधी आउनुभन्दा पहिल्यै त्यसलाई रोक्नुपर्छ, तिमी व्यापारी, नागरिक, रेखदेख गर्ने, मदिरा बेच्ने आदि भेषमा र साधुका भेषमा समेत आफ्ना गुप्तचर लगाऊ। छिमेकी राज्यमा पनि विश्वस्त साथीहरूको जाल फैलाऊ, मिनेट मिनेटको खबर प्रत्येक रातमा मैले पाउनुपर्छ। अनि प्रजामा पनि यो समाचार फैलाऊ कि चन्द्रगुप्त धेरै परिश्रमले गर्दा अस्वस्थ छन्, अतः राज्याभिषेक केही दिनका निम्ति स्थगित गरिएको छ।'ध

यो आदेश पाएर त्रिनेत्र हिंडे। महामात्य शकटारलाई बोलाई यही सूचनाको झ्याली पिटाउन निर्देशन गरे। त्यसपछि चाणक्यले चन्द्रगुप्तपट्टि फर्किदै भने- 'देख्यौ तिमीले ! वास्तविक युद्ध अब हुन्छ। राक्षसको अनुपम बुद्धि-चातुर्यले पाइला-पाइलामा हाम्रा लागि षड्यन्त्र खडा गर्छ। यस किसिमको षड्यन्त्रमा विजय पाउन केवल बुद्धि र विवेकबाट मात्र सम्भव छ।'


एक गुप्त कोठा, चारैतिर विश्वासी सैनिकको पहरा छ। सुनले बनेका दुई सिंहासनमा चन्द्रगुप्त र चाणक्य आमने-सामने बसेका थिए।

चाणक्यले सम्झाउँदै भने- 'अब शोक नगर, राज्यका लागि सचेत होऊ। राजाको एउटा खुट्टा श्मशानमा र अर्को खुट्टा सिंहासनमा हुनुपर्छ। यस्तो हुने राजालाई रुने समय मिल्दैन न त धेरै हाँस्ने समय नै हुन्छ। जब धेरै रुन्छ वा हाँस्छ तब शत्रुलाई आक्रमण गर्ने मौका मिल्छ।'

चन्द्रगुप्त संशय व्यक्त गर्दै भन्दछन्- 'शोकमा रुनु र हर्षमा हाँस्नु स्वाभाविक हो महात्मा !'

'होइन, शोकमा रुने र हर्षमा हाँस्ने कुरा जसले लुकाउँछ, त्यसले कहिल्यै पनि पराजयको अनुभव गर्नुपर्दैन। शोक अर्काका लागि उपहास बन्छ, हर्ष आफ्ना लागि पीडादायक हुन्छ। अतः पत्थर (ढुंगा) जस्तै कठोर तिमीले बन्नुपर्छ।' *क्रमशः*

# 'आँखा पाक्ने रोगको संक्रमण दुई हप्ताभित्रै कम हुन्छ'



**डा. सुमनशमशेर थापा**
वरिष्ठ आँखारोग विशेषज्ञ

- एलर्जी, ब्याक्टेरिया र भाइरसका कारण यो रोग हुने गर्दछ। यो एडिनो भाइरसको संक्रमणका कारण देखिने समस्या हो।
- आँखा पाक्ने रोग हेर्दा जति डरलाग्दो देखिए पनि आत्तिनु पर्दैन। त्यतिबेला आत्तिएर होइन, सजग रह्यौं भने यस रोगबाट चाँडै नै मुक्ति पाउन सकिन्छ।
- भाइरस कञ्जंकिटभाइटिसमात्र भयो भने यसले दीर्घकालीन असर पार्दैन तर भाइरसको संक्रमण क्षमता उच्च छ तर संक्रमित मानिसको रोग प्रतिरोधात्मक क्षमता कमजोर छ भने त्यसले आँखाको सेतो भागको सतहमा हुने झिल्लीमात्र नभएर नानीलाई पनि असर गर्न सक्छ।
- बिरामीको आँखा हेरेर सर्दैन। हावा वा आमनेसामने बस्दैमा सर्ने रोग यो होइन। तर, संक्रमितको आँखाबाट निस्कने आँसु वा चिप्राले संक्रमण सार्छ।
- नेपालमा औसत जनसंख्याको अनुपातमा आँखारोग विशेषज्ञको संख्या निकै न्यून छ। हाल करिब ३०० को संख्यामा विशेषज्ञ छन्, जबकि एक हजारभन्दा बढी हुन आवश्यक छ।

यतिबेला मुलुकका अधिकांश भेगमा आँखा पाक्ने रोगको संक्रमण व्यापक रूपमा फैलिएको छ। काठमाडौंका अस्पतालमा मात्र नभई देशका अन्य अस्पतालहरूमा पनि यो रोगबाट प्रभावित बिरामीहरूको चाप निकै नै बढेका समाचारहरू सार्वजनिक भइरहेका छन्। यस समस्याका कारण कतिपय स्थानीय तहका विद्यालयहरूमा पठनपाठन ठप्प भएका छन्। मानिसको संवेदनशील अंग मानिने आँखामा लाग्ने यस रोग डरलाग्दो नभए पनि हप्ता दिनसम्म आँखा हेर्न कठिनाइ गर्ने हुँदा मानिसको दिनचर्यामा असर हुने गरेको छ। छिट्टै एक मानिसबाट अर्को मानिसमा सर्ने भएकाले पनि यस रोगको संक्रमणबाट धेरै जना प्रभावित बनेका छन्। अहिले आँखा पाक्ने रोग अधिकांशमा 'भाइरल इन्फेक्सन'का रूपमा देखिएको चिकित्सकले बताएका छन्। उनीहरूका अनुसार सामान्यतया रूघाखोकी जस्तै यो रोग दुई साताभित्र आफैं निको हुने वरिष्ठ आँखारोग विशेषज्ञ **डा. सुमनशमशेर थापा** बताउँछन्। चौबिस वर्षदेखि जलविन्दु तथा मोतिविन्दुको विशेषज्ञका रूपमा काम गर्दै आएका डा. थापा २३ वर्षसम्म तिलगंगा आँखा अस्पतालमा कार्यरत थिए। अहिले राजधानीको थापाथलीस्थित एक एक पाइला सामुदायिक स्वास्थ्य केन्द्रमा रही सेवा गरिरहेका छन्। प्रस्तुत छ, हाल देशभर संक्रमणका रूपमा फैलिएको आँखा पाक्ने रोगका कारण, सबाट बच्न अपनाउनुपर्ने सावधानीदेखि उपचारका बारेमा वरिष्ठ आँखारोग विशेषज्ञ डा. थापासँग राससका आलेख प्रमुख **कृष्ण अधिकारी**ले गरेको कुराकानीः

**केही समयदेखि देशभर आँखा पाक्ने रोगको संक्रमण फैलिएको छ, यसको कारण के होला ?**

आँखा पाक्ने समस्या नेपालमा प्रायः हरेक वर्ष फैलिन्छ। बर्सातको मौसममा यो समस्या बढी देखिन्छ। अहिले देशैभरि विभिन्न जिल्लाहरूमा देखिएका छन् र बिरामीहरू उपचार खोज्दै अस्पतालहरूमा पुगेका छन्। काठमाडौंलगायत धेरै भागमा आँखा पाक्ने रोग यो झरीको मौसमसँगै व्यापक रूपमा देखिएको छ। एलर्जी, ब्याक्टेरिया र भाइरसका कारण यो रोग हुने गर्दछ। यो एडिनो भाइरसको संक्रमणका कारण देखिने समस्या हो। यसले आँखाको सेतो भागको सतहमा हुने झिल्लीलाई संक्रमित गर्दछ। यो समस्यालाई चिकित्सा भाषामा कञ्जंकिटभाइटिस भनिन्छ भने आमभाषामा आँखा पाकेको भनिन्छ। यो एउटा आँखाबाट अर्कोमा वा एक मानिसबाट धेरै जनामा तीव्रगतिमा फैलिन्छ। यो भाइरसको कारणले बिरामीको सम्पर्कमा आएको एक दुई दिनभित्रै अत्यधिक छिटो संक्रमण हुने रोग हो।

**यस रोगका लक्षणहरू के–के हुन् त ?**

आँखा पाक्दा बिरामीहरूमध्ये केहीको आँखा रातो हुन्छ। निरन्तर आँसु बग्छ र कचेरा जम्छ। कतिपयलाई भने आँखै खोल्न गाह्रो हुन्छ वा उज्यालोमा हेर्न सकस पर्न सक्छ। आँखा बिझाउँछ। रोगका भाइरस आँखामा संक्रमित भएपछि बिस्तारै आँखा रातो हुँदै जान्छ। आँखाको डिल सुन्निन थाल्छ। बिहान उठ्दा चिप्रा पर्छ। आँखा झिम्काउँदासमेत अप्ठेरो हुन्छ र आँसु धेरै बग्छ। एउटामात्र आँखामा देखिएको समस्या अर्को आँखामा सर्छ। आँखा गोलभैँडाजस्तो रातो हुने, आँसु आउने, चिप्रा आउने, परेला सुन्निने, आँखामा बालुवा पसेजस्तो बिझाउने हुनसक्छ। यस भाइरसको कारण कतिपयलाई टाउको र घाँटी दुख्ने, ज्वरो आउने र कसैकसैलाई कानको अगाडिको भाग सुनिनेजस्ता समस्या पनि आउन सक्छ।

**यस रोगले आँखालगायत शरीरको अन्य भागमा पनि असर पुऱ्याउँछ कि ?**

आँखा पाक्ने रोग हेर्दा जति डरलाग्दो देखिए पनि आत्तिनु पर्दैन। यद्यपि यसको असर कसैकसैलाई दुई हप्तासम्म पनि रहनसक्छ। भाइरस कञ्जंकिटभाइटिसमात्र भयो भने यसले दीर्घकालीन असर पार्दैन तर भाइरसको संक्रमण क्षमता उच्च छ तर संक्रमित मानिसको रोग प्रतिरोधात्मक क्षमता कमजोर छ भने त्यसले आँखाको सेतो भागको सतहमा हुने झिल्लीमात्र नभएर नानीलाई पनि असर गर्न सक्छ। 'कर्निया'मा पनि असर गर्ने भएकाले त्यसले फुलो पार्न सक्छ। फुलो पर्नु भनेको मानिसको दृष्टि कमजोर हुनु हो। संक्रमण निको भएपश्चात् प्रायः आँखामा नराम्रो असर नरहने भए पनि कसैकसैको आँखाको नानीमा केही मात्रामा असर रही दृष्टिमा न्यून असर पर्न सक्छ। यतिबेला आत्तिएर होइन, सजग रह्यौं भने यस रोगबाट चाँडै नै मुक्ति पाउन सकिन्छ।

**रोग लागिसकेपछि कसरी छिटोभन्दा छिटो निको पार्न सकिन्छ ?**

संक्रमित व्यक्ति भीडभाडमा नजाने, विद्यार्थी भए केही दिन स्कुल वा कलेज नजाने, चिकित्सकको सल्लाहबमोजिम औषधि हाल्ने, कालो चस्मा लगाउनेजस्ता विधिहरू अपनाउनुपर्छ। संक्रमितले आँखाको सरसफाइमा ध्यान दिनुपर्छ। दिनमा दुई/तीन पटक सफा पानीले आँखा सफा गर्नुपर्छ। नरम खालको कपडा प्रयोग गर्नुपर्छ। संक्रमितले हरेकपटक आँखा छोएपछि साबुन पानीले हात धुनुपर्छ। बिरामीले प्रयोग गरेको धारा, ढोकाको चुकुल, रुमाललगायत सामग्रीहरू अरूले प्रयोग नगर्ने वा गर्नै परे राम्ररी साबुनपानीले धोएर मात्र प्रयोग गर्नुपर्छ।

**यस रोगबाट कसरी बच्न सकिन्छ त ?**

धेरैलाई आँखा पाकेको बिरामीलाई देख्दा आफूलाई पनि सऱ्यो भन्ने भ्रम छ, त्यो होइन। बिरामीको आँखा हेरेर सर्दैन। हावा वा आमनेसामने बस्दैमा सर्ने रोग यो होइन। तर, संक्रमितको आँखाबाट निस्कने आँसु वा चिप्राले संक्रमण सार्छ। औषधि हालिदिने सहयोगीले राम्रोसँग साबुनपानीले हात धुनुपर्छ। शरीरमा रोग प्रतिरोधात्मक क्षमता कमजोर भएको स्थितिमा यसले चाँडो संक्रमण गर्नसक्ने भएकाले पोसिलो खाना खानुपर्छ। रोग प्रतिरोधात्मक क्षमता कम भएकाहरूलाई यस भाइरसले चाँडो पक्रने भएकाले वृद्धवृद्धा र बालबालिकाले विशेष सुरक्षा अपनाउनुपर्छ। यो रोगको ध्यान दिनुपर्ने मुख्य कार्यमा बिरामीले आँखा नछुने, बिरामीलाई औषधि हाल्न वा अन्य कामले छोएमा राम्रोसँग हात धुने, चिकित्सकको निगरानीमा मात्र औषधिहरू प्रयोग गर्ने र अरूलाई यो रोग सर्न नदिन सजग हुने कार्य गर्नुपर्दछ। बिरामीलाई अलग्गै बस्ने, सुत्ने गर्नुपर्छ। घरबाहिर निस्कनु परेमा कालो चस्मा प्रयोग गर्न सकिन्छ। संक्रमितको वरपर बस्ने मानिसहरू पनि उत्तिकै सजग भएर सतर्कता अपनाउनुपर्छ। विद्यालयका बालबालिकामा छिटो सर्ने हुँदा अभिभावक र शिक्षक सचेत हुनुपर्छ। विद्यालय नै बन्द गर्नुभन्दा बिरामीलाई दुई/चार दिन विद्यालय नआउन भन्ने वा अलग्गै राख्न सकिन्छ तर ठूलो संख्यामा बिरामी बढेमा बन्द गराउनु पनि पर्नसक्छ।

**यतिबेला देशका कतिपय ठाउँमा बिरामीले औषधि नपाएको भन्ने समाचारहरू पनि आएका छन् नि ?**

हो, मैले पनि कतिपय ठाउँमा बिरामीले औषधि नपाएको भन्ने गुनासो गरेको सुनेको छु। यो एकदमै नराम्रो कुरा हो। यसरी देशभरि नै संक्रमणको रूपमा फैलिएको यस रोगबाट छिटोभन्दा छिटो मुक्ति पाउनका लागि सबैले सक्दो सहयोग गर्नुपर्ने बेलामा नाफाका लागि औषधि लुकाउने काम भएको छ भने त्यो निकै ठूलो अपराध हो। कसैले त्यस्तो गलत काम गरेको छ भने त्यस्ता मानवताविरोधी काम नगर्नुहोला। र, राज्यले पनि यसमा निगरानी बढाएर गलत कार्य गर्नेलाई कारबाही गर्ने र साँच्चि नै औषधिको अभाव भएको ठाउँमा तत्काल औषधि पठाएर बिरामीलाई आश्वस्त तुल्याउनुपर्छ।

**अझै कति दिनसम्म यस रोगको संक्रमण रहिरहन्छ ?**

यो मौसमसँग सम्बन्धित रोग हो। ह्युमिडिटी कम भएपछि बिस्तारै कम हुँदै जान्छ। सामान्यतः अझै दुई सातासम्म यसको संक्रमण रहनसक्छ।

**यस रोगमा अस्पताल नै जानुपर्ने हो कि घरमै पनि उपचार गर्न सकिन्छ ?**

आँखा पाकेको लक्षण देख्नेबित्तिकै अघि भनेअनुसार सावधानी अपनाउँदै आँखाको उचित हेरविचार गर्नुपर्छ। चिसोले सेक्नु र आँखा धेरै रातो भएको खण्डमा साधारण खालको एन्टिबायोटिक थोपा लगाएर घरमै उपचार गर्न पनि सकिन्छ। आत्तिएर अस्पताल दौडिहाल्नुपर्ने वा अनेक औषधि प्रयोग गरिहाल्नु पर्दैन। तीनदेखि चार दिनपछि र अधिकतम पाँच दिनसम्म समस्या कम भएन भने अस्पताल जानुपर्छ। उज्यालोमा हेर्नै गाह्रो भयो भने तत्काल चिकित्सकको परामर्शअनुरूप अन्य जटिलता पहिचान गर्न परीक्षण गराउनुपर्छ। आफूखुसी औषधि प्रयोग गर्नु भने हुँदैन, चिकित्सकको रायअनुसार औषधोपचार गराउनुपर्छ।

**नेपालमा आँखारोगको समस्या कस्तो पाउनुहुन्छ ?**

नेपालमा आँखासम्बन्धी रोग एउटा क्रोनिक रूपमा र अर्को नसर्ने खालको पाइन्छ। उमेर बढ्दै जाँदा जलविन्दु र मोतिविन्दुको समस्या देखिन थाल्छ। मोतिविन्दुको समस्या त धेरै कम भएको छ। मधुमेह, रक्तचापका बिरामीमा पनि आँखाको समस्या धेरै छ। पछिल्लो समय जीवनशैलीका कारण कम उमेरमै यी समस्या बढ्न थालेको छ।

**आँखारोग विशेषज्ञ र उपचार सेवाको अवस्था कस्तो छ नि ?**

नेपालमा औसत जनसंख्याको अनुपातमा आँखारोग विशेषज्ञको संख्या निकै न्यून छ। हाल करिब ३०० को संख्यामा विशेषज्ञ छन्, जबकि एक हजारभन्दा बढी हुन आवश्यक छ। विशेषज्ञसहितका आँखा अस्पतालहरू पनि राजधानीबाहिर निकै कम छ। अस्पतालहरूमा रहेका प्राथमिक आँखा उपचार केन्द्रहरूको स्तरोन्नति गर्न सकिएमा र कम्तीमा महिनामा एकपटक विशेषज्ञहरूमार्फत केन्द्रमा नै शल्यक्रिया गर्न सकिएमा धेरै बिरामीले राहत पाउने थिए। यसतर्फ राज्यले ध्यान दिनु जरुरी छ।

## पत्र–मञ्जुषा

### भ्रष्टाचारीलाई चिनी राखौं

सत्ययुगमा तामापत्र पुज्थे। द्वापार युगमा तारपत्र पुज्थे। त्रेतायुगमा सुनपत्र जप्छन्। कलयुगमा छ डोरा जनइ लाउँछन्, जसलाई जनै भनिन्छ। त्यो धोगोमा कति संस्कार छ, ब्रह्माण्डका कति व्याख्या बहुमूल्य छन् ? यो एक्काइसौं शताब्दीको यन्त्रभन्दा कम छैन। ब्राह्मणका पुत्र, गुरुदेव भन्नुहुन्छ- टंकप्रसाद आचार्य, माधवप्रसाद घिमिरेले कयौं इज्जत बोक्नुभएको थियो। उहाँहरू पूज्य हुनुहुन्छ। पहिला ऋषिमुनी ब्राह्मणका छोराहरू हुन्। देशलाई अगाडि बढाउन र बचाउन कष्टपूर्ण गरियो होलान्। कति त्याग तपस्या करोडौं करडौं मानवमाझ श्रद्धालु मानवीय मानवको ऋषिमुनी ब्राह्मण देव वचनद्वारा ब्रह्मज्योतिसमान भयो। थुप्रै सन्तानको जन्म भयो। सारा मानवको आँखामा राखे पनि नबिझ्ने औषधि भयो। सन्ततीहरू देश विदेश नेपालको कुना काप्चामा मात्र होइन, थुप्रै मठमन्दिरमा साहसी ऊर्जावान यस धर्तीको पुजारी बने। अति सुन्दर पञ्चशील देश भनेर चिनियो।

२००७ सालमा प्रजातन्त्र आयो। गिनिज बुकमा नाम लेखाउन सफल भयो। यस्तै १०४ वर्षको जहानियाँ शासन अन्त्य भयो। पछि प्रजातन्त्र खोसेपछि ऋषिमुनीका सन्तान ठाने र एउटै बुवाको सन्तान बिपी कोइराला, मातृकाप्रसाद कोइराला, गिरिजाप्रसाद कोइराला ऋषिमुनीका सन्तान होइन, सिसिमुनीका सन्तान हुन्। तत्कालीन समयमा कोशी सम्झौता गऱ्यो, गण्डक सम्झौता गऱ्यो, यो देशलाई तुसारापात बनाइदियो। छ डोरा जनइ लगाई देवमन्त्र, गुरुमन्त्र, अत्रतत्र अलपत्र भए। रुद्रघण्टी नभएको बाहुनले गर्दा तीन करोड मानिसको छातीमा हात राखी धुरुधुरु रोइरहेको पाइयो। देश कहाँ पुग्यो भन्ने कुरा थाहा नहुने र नेतृत्वदायी भूमिका नखेली देशको अस्तित्व नबुझ्ने कस्तो जनै। अर्थ नबुझ्ने पालोपालो प्रधानमन्त्री बन्ने भ्रष्टाचार गर्ने जनता मार्ने, पैसा खर्च गरेर चुनाव जित्ने। सधैं आफूमात्र जित्ने सधैं भ्रष्टाचार गर्ने। शासक वर्गले पनि भ्रष्टाचार गर्न कहिल्यै नछोड्ने।

देशमा कांग्रेस, एमाले, माओवादी भ्रष्टाचारीको हावी भयो। देशलाई दुर्गतितर्फ धकेले। पहिला शेरबहादुर देउवा, माधव नेपाल, झलनाथ खनाल, बामदेव गौतम, बाबुराम भट्टराई, पुष्पकमल दहाल, रामचन्द्र पौडेल, आफ्नै खुट्टामा बञ्चरो हान्ने। यिनीहरू भएसम्म देश माथि आउनै सक्दैन।

जनै लाउने, गुरुदेव भन्ने, अरुलाई धाक लाउने, मान्छे नगन्ने र मान्छे नठान्ने। विधिको शासन भन्ने साधारण मान्छेले सानो मोबाइल र एउटा कलम ल्याउन नदिने। १०० किलो सुन तस्करी हुने संसार र भन्सार त्यस्तै हुने हो कि ! ललिता निवास जग्गा प्रकरणले ठूला माछा कहिले समाउने हो ? ठूलालाई चैन, सानोलाई ऐन भएजस्तो भुटानी शरनार्थी प्रकरणका ठूला माछा कहिले जालमा पर्ने हो ? गृहमन्त्री नारायणकाजी श्रेष्ठ देशका लागि भ्रष्टाचारी समाउने महावाणीजस्तो हामीलाई आभास भइरहेको छ। उनीहरूको अकुत सम्पत्ति राष्ट्रियकरण गर्नुपर्ने हामीले आशा गरिरहेका छौं।

नेपालको हालको अवस्थालाई नियालेर हेऱ्यौं भने राजनीपतिक नेतृत्व तथा सरकारको उच्च अहोदामा रहेकाहरूको गल्तीको कारणले नै जनतालाई वास्ता नगर्ने भए। जनताहरू वाक्क दिक्क भइसके। कांग्रेसले गरेका काम कांग्रेसलाई मन परेन। त्यस्तै एमाले गरेका काम एमालेलाई मन परेन। त्यस्तै माओवादीले गरेका काम माओवादीलाई मन परेन। ती पार्टी कार्यकर्ताहरू जनतासामु निर्धक्क कुरा गर्न लाजै भयो। देशमा इज्जत प्रतिस्ठा राख्ने भरपर्दो नेता बत्ती बालेर खोज्नुपर्ने अवस्था आयो। जहाँतही कार्यक्रममा होस् या पसल जाँदा होस्, मामाघर जाँदा पनि दिनप्रतिदिन देश रहेला कि नरहेला चिन्ताको कुरा सुनाउँछ। जस्तैः घर र खेतमा मुसाले धेरै दुःख दिन्छ। बहुमूल्य सामान कपडामात्र होइन। नेपालको नक्सासमेत गायब गर्छ। जंगी पिलर पनि एक कोष दुई कोष सारिन्छ। जनैको अर्थ थाहा नभएपछि कसको के लाग्छ ? मुखले पानी खाए सत्ता नाकले खाए के हुन्छ ? अकुत सम्पत्ति कमाएको परिवारले नै थाहा छैन विदेशी बैंकमा राखेको आफैंलाई नै थाहा छैन। यिनीहरूका सन्तानहरू कोही मनस्थिति बिग्रेको, कोहीको चाउरी परेको अनगिन्ती भ्रष्टाचारीले गर्दा देश नै बिग्रियो। उद्योगधन्दा छैन। मानिसको जीवन जिउन गाह्रो भयो, हातखुट्टा बाँधिराखेको जस्तो भयो। कति मात्र विदेशी सामु नोकर बन्ने हो। कति मात्र नालायक सरकारको नाम लिने हो। यसपालि गएको बाबु अर्को पाली आउने ठेगान छैन। हिमाल, पहाड, तराईका गरिब मजदुर किसान मर्ने हो कि बाँच्ने थाहा छैन।

विचार गरौं सुन साइली साइली, पिँडीमा जातो फिरिरि।

माया गर्ने धर्तीलाई पूजा गर्ने देवतालाई, चिनी राखौं भ्रष्टाचारीलाई।

*– तुल्सीनारायण लाखेमरु*
*सूर्यविनायक, भक्तपुर*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र–मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ। सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# गमगाढ खोलामा पुल नहुँदा सास्ती

**मुगु–** छायाँनाथ रारा नगरपालिका-१० तल्लेखकी माया बुढा विद्यालयको कामको सिलसिलामा जिल्ला सदरमुकाम गमगढी आउँदा जाँदा गमगाढ खोला तर्नका लागि खोलामाथि राखिएका काठका दुई लाप्का भएर खोला तर्दा काँप्दै खोला तर्ने गर्छन् । सोही नगरपालिकाकै वडा नं १ श्रीनगर गाउँमा रहेको मीन मावि कक्षा ७ मा अध्यनरत छात्रा सपना मल्ल र महाकाली नमूना मावि कक्षा ८ मा अध्ययनरत छात्र मुस्कान मल्ल आफ्नो घरबाट विद्यालय जाँदा गमगाढ खोलामाथिका दुई लाप्का भएर जानुपर्ने भएकाले सधैं विद्यालय जाँदा र घर फर्कंदा डराउँदै खोला तर्ने गरेको सुनाउँछन् ।

मुगुम कार्मारोंग गाउँपालिका-१ डोल्फु गाउँकी छिरिङआग्मु लामा उक्त खोला तर्दा काठका लप्का हल्लिएर रिंगटा लाग्दा खोला किनारमा खसेको सम्झँदै भन्छिन्, 'सदरमुकामबाट यार्सा पाटन जाँदा चाहिने औषधि, लत्ताकपडा र खानेकुरा किनेर घर जाँदै थिएँ, खोलामा खसेँ, भारी बगायो म बाँचे ।'

जिल्ला सदरमुकाम जाँदा र फर्किंदा बाटोमा पर्ने गमगाढ खोलाको अल्कासाँघु भन्ने स्थानमा पक्की पुल नहुँदा सिंगो मुगुम कार्मारोंग गाउँपालिका र छायाँनाथ रारा नगरपालिका-१९ गाउँका बासिन्दाले सधैँ सास्ती भोग्दै आएका छन् ।

मीन माविमा अध्ययनरत विद्यार्थी आकाशमा कालो बादल आउनासाथ बिदा मागेर घर जान हतार गर्ने गरेको शिक्षक शिवलक्ष्मी मल्ल बताउँछिन् । बाढी आएर खोला तर्न कठिन हुने भएकाले पानी पर्नुभन्दा पहिल्यै खोला तरिसक्नका लागि पढाइ बीचमै छाडेर विद्यार्थी घर जान हतार गर्ने गरेका रहेछन् । पुल नहुँदा त्यही खोला तरेर आउने विद्यार्थीको पढाइमासमेत असर गरेको शिक्षक मल्लले बताइन् ।

गमगढी-नाक्चे लाग्ना सडक गमगढी बजारबाट १८ किमी मुगुम कार्मारोंग-९ छाइलको सुलसुले भीरसम्म पुगे पनि यो खोलामा पुल नहुँदा र खोला ठूलो भएकाले गाडीले खोला तर्न नसक्दा बिरामीलाई बोकेर जिल्ला अस्पताल तथा सदरमुकामसम्म पनि ल्याउन कठिन हुने गरेको छ । 'खोलामा पुल भइदिएको भए सडकमा सवारीसाधन नियमित हुन्थे, बिरामीलाई समयमै जिल्ला अस्पताल र हवाईमार्ग भएर सुविधा सम्पन्न अस्पतालमा लैजान सहज हुने थियो, अहिले पुल नभएकै कारण यो सडकमा यातायातका साधन चलेका छैनन्, मानिसहरूलाई आवतजावतमा समस्या भोग्नुपरेको छ,' लुम्स गाउँका स्थानीयवासी कम्बर ऐडी भन्छन् ।

विगतका वर्षहरूमा गमगाढ खोलामा पानीको बहाव बढेमा र बाढी आएमा मानिसहरू चाटया बगर र हाडढुंगा भन्ने स्थानमा रहेका झोलुंगे पुलको वैकल्पिक बाटो भएर खोला तर्ने गदर्थे । २०७९ असोज १७ देखि २३ गतेसम्म परेको पानीले गमगाढ खोलामा बाढी आएर ती दुवै पुल बगाएपछि मानिसहरूलाई खोला तर्ने अन्य कुनै विकल्प नहुँदा बाध्य भएर जति समस्या आए पनि खोला तर्नुपर्ने भएको हो । *रासस*

## धुर्वतारा सा व उ स उदयपुरगढि गा पा ८ उदयपुरको काठ लिलाम बिक्री सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०।०५।०६

धुर्वतारा सा व उ स उदयपुरगढि गा पा ८ कोंं स्वकृत कार्ययोजना अनुसार आ व २०७९/०८०मा उत्पादन भई घाटगदि गरि राखिएका साल जातको गोलिया थान ६९ को ८१४.६२ क्यु फिट काठ समूह बाहिर बिक्रि वितरण गर्नु पर्ने भएकोले दोस्रो पटक यो १५ दिने सुचना प्रकशित गरिएको छ । विस्तृप्त जानकारिको लागि समुहको कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**भन्सार विभाग**
**त्रिभुवन विमानस्थल भन्सार कार्यालय**
(मुद्दा तथा लिलामी शाखा)
गौचर, काठमाडौं

## भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम १ अनुसार सिलबन्दीद्वारा मालवस्तु लिलाम बिक्री सम्बन्धी सूचना

प्रकाशित मिति: २०८०/०५/०६

भन्सार चोरी पैठारी अभियोगमा यस कार्यालयमा दाखिला भई फैसला भएका मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा भन्सार नियमावली, २०६४ को नियम ३५ को उपनियम १ मा भएको व्यवस्था अनुसार सिलबन्दीको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति/फर्म/संस्था/कम्पनीको लागि यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काईस) दिन भित्र गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । यस सूचना सँग सम्बन्धित दरभाउपत्र यस कार्यालयको मुद्दा तथा लिलामी शाखा तथा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट खरिद गर्न सकिने छ । अन्य थप जानकारीको लागि कार्यालय समयावधि भित्र कार्यालयको मुद्दा तथा लिलामी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

**तपसिल**

| सि.नं. | विवरण | परिमाण (संख्या) | कैफियत |
|---|---|---|---|
| १. | रोयल इनफिल्ड मोटरसाईकल | ४ | पून: मूल्यांकन भएको |
| २. | पल्सर मोटरसाईकल | ५ | दोश्रो पटक प्रकाशित |
| ३. | रोयल इनफिल्ड मोटरसाईकल | ५ | दोश्रो पटक प्रकाशित |

**नोट**: माथि उल्लेखित सवारीसाधनहरुको विस्तृत विवरण तथा लिलाम बिक्री प्रक्रिया सम्बन्धी शर्तहरु भन्सार विभागको वेबसाइट *www.customs.gov.np* तथा यस कार्यालयको वेबसाइट *www.customs.gov.np/tia* बाट हेर्न सकिनेछ ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : THE COMMERCIAL REAL ESTATE COMPANY.

पूर्व स्वीकृति मिति २०८०/०५/०४ LT. No. 291336 चलानी नं. ६०२०६५७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 10 | 5 | 115 | ४९,६३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cook / Confectioner | 10 | 5 | 130 | ५६,११० | | | | | | | |
| 3 | Housekeeping Attendant | 10 | 10 | 120 | ५१,७९५ | | | | | | | |
| 4 | Kitchen Steward | 10 | 0 | 100 | ४३,१६० | | | | | | | |
| 5 | Laundry Attendant | 10 | 5 | 100 | ४३,१६० | | | | | | | |
| 6 | Receptionist / Gsa | 10 | 10 | 120 | ५१,७९५ | | | | | | | |
| 7 | Waiter/waitress | 15 | 15 | 120 | ५१,७९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

VISION & VALUE
श्रम ईजाजत नं. ८२२/०६६/०६७

**VISION & VALUE OVERSEAS PVT. LTD.**
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile: 9863194833, 9863194835,9863194832,9863194834, 9863194839
Email:- visionhospitalityjobs@gmail.com| URL: www.vnvnepal.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : KPT RECYCLE SDN BHD

पूर्व स्वीकृति मिति:२०७९/०४/१८ पुन विज्ञापन स्वीकृति मिति:२०८०/०५/०५ चलानी नं.६०१८४५३३ LT. No.268583

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 3 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SAUGAT EMPLOYMENT SERVICE PVT. LTD.** श्रम ईजाजत नं. १२२१/०७४/०७५
Battisputali, Ram Mandir Marg, Kathmandu, Nepal, Tel: +977-01-4489384, 4589384 Mob.9851086131, 9851067178, 9813129122, E-mail : saugatemployment1221@gmail.com



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : FC AGRO

पूर्व स्वीकृति मिति २०८०/०५/०५ LT. No. 291392 चलानी नं. ६०२०६६०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Workers | 5 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : DAMA DINGJI YANWO SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०५/३० पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०५ LT. No. 271425 चलानी नं. ६०१८७७८७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 75 | 75 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**:नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ११९७/०७३/०७४

**SWIFT H.R. SOLUTION PVT. LTD.**
Samakhusi-26, Kathmandu, Nepal, Phone: +977-1-4952852, 4964820
Fax: 4352852, E-mail : swifthr12@gmail.com Website : swifthrsolution.com



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : EDAM GROUP RESTAURANTS CAFES & CATERING

पूर्व स्वीकृति मिति २०७८/०८/१४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०५ LT. No. 249657 चलानी नं. ६०१४२१६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 20 | 6 | 100 | ४३,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३०१/०५९/०६०

**Supreme Overseas Pvt. Ltd.**
Koteshwor-35, Kathmandu, Nepal.
Phone: +977-1-4610716, 9813327241, 9741877355, 9841359033, 9851107202
Email: supremeovs@yahoo.com, supremeover301@gmail.com,
Web: www.supremeoverseas.com.np



## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी :TAFADHDAL SECURITY SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०९/२४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०५ LT. No. 279037 चलानी नं. ६०१९४५९७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव RM | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 8 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ देखि १५ गते (30 Aug-1 Sep. 2023) सम्म हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Rising Recruitment Pvt.Ltd.** श्रम ईजाजत नं. ८७८/०६७/०६८
Baluwatar, Kathmandu, Nepal. Tel: 977-1-4436597 / 4420587



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PRIMO MAINTENANCE SERVICES LLC

पुर्व स्वीकृति मिति २०८०/०५/०५ LT. No. :291407 चलानी नं.६०२०६५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 0 | 900 | ३२,५२५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaning Supervisor | 1 | 0 | 1200 | ४३,३७० | | | | | | | |
| 3 | Sales Manager | 1 | 0 | 2500 | ९०,३५० | | | | | | | |
| 4 | Technical Manager | 2 | 0 | 2000 | ७२,२८० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क**: नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**The Center Overseas Concern Pvt.Ltd** श्रम ईजाजत नं. ०८५/०५३/०५४
Basundhara, Ktm, Nepal, Tel : +977-1-4985474, 4985586, Fax: +977-1-4385806


# भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

(प्रथम पटक प्रकासित मिति –२०८०/०५/०६)

प्रस्तूत विषय सम्वन्धमा यस कार्यालयको मिति २०८०/०३/२४ गते प्रकासित बोलपत्र सूचना अनुसार तपसिल बमोजिका आन्तरिक आयका बोलपत्र अधिकतम मुल्यांकित तथा सारभुत रूपमा प्रभावग्राही भई नगरपालिकाको बोलपत्र मूल्याङन समितिको मिति २०८०/०५/०३ गतेको वैठकको निर्णयबाट स्विकृतिका लागि छनौट भई सिफारिस भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ (१) प्रयोजनका लागि सम्बन्धित सबैका जानकारीका लागि ७ दिने सूचना प्रकासित गरिएको छ । सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को प्रयोजनार्थ सबै बोलपत्रदाता हरू लाइ समेत यसै सूचना बाट जानकारी गराइन्छ ।

| ठेक्का नं. | ठेक्का विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|
| ४/आ.आ./२०८०/०८१ | नगर क्षेत्र बाट संकलन हुने कवाडी मालसामानको बिक्री दस्तुर संकलन | Ram Janaki Suppliers, Dhangadhi-04, Kailali | रु.५९,५३,२५१/०० |
| ५/आ.आ./२०८०/०८१ | नगर क्षेत्रको विभिन्न स्थानबाट सडक मर्मत सम्भार शुल्क संकलन | Grispa Construction, Krishnapur-01, Kancahnpur | रु.६६,६५,३००/०० |
| ६/आ.आ./२०८०/०८१ | नगर क्षेत्रभित्रको होडीङ बोर्ड तथा प्रचार सामग्रीको विज्ञापन कर संकलन | Akriti Advertising, Biratnagar, Morang, Nepal | रु.१७,५१,१११/०० |

प्रभाव दैनिक

रूपशाला

## फिल्म 'लाइटर' निर्माण हुने

फिल्म 'लाइटर' निर्माण हुने भएको छ । निर्देशक राजु गिरीले अस्ट्रेलिया निवासी सरोज खनालसँग मिलेर यो फिल्म निर्देशन गर्न लागेका हुन् । निर्माण टिमले फिल्मको एक थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरेको हो । राजुले थुप्रै फिल्म निर्देशन गरिसकेका छन् भने सरोज यसै फिल्मबाट निर्देशनमा डेब्यु गर्न लागेका हुन् । खनाल एसके प्रोडक्सनको ब्यानरमा निर्माण हुने फिल्मको अहिले धमाधम प्रि-प्रोडक्सनको काम भइरहेको छ । मङ्सिर दोस्रो साताबाट फ्लोरमा जाने फिल्मका लागि अहिले कलाकार छनोटको काम भइरहेको छ । केही दिनमा फिल्मको मुख्य कलाकार र प्राविधिक टिम सार्वजनिक गर्ने तयारी निर्माण टिमको छ ।




बुधबार, ०६ भदौ २०८० (Wednesday, August 23, 2023)

# नारायण रायमाझी एकल साँझ भदौ १५ मा



■ प्रभाव संवाददाता

**काठमाडौं–** बिशिष्ट लोकदोहोरी गायक तथा संगीतकार नारायण रायमाझी एकल साँझमा गुन्जने भएका छन् । राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान नेपालले यहि भदौ १५ गते प्रज्ञाप्रतिष्ठान कमलादीमा रायमाझीको एकल साँझ आयोजना गर्ने भएको हो ।

कार्यक्रममा गायक रायमाझीले आफ्ना लोकप्रिय पुरानादेखि नयाँ दर्जनबढी गीत प्रस्तुत गर्नेछन् । प्रतिष्ठानले पहिलो पटक श्रष्टाको एकल साँझ आयोजना गर्न लागेको हो । सोमबार राजधानीमा एक पत्रकार भेटघाट कार्यक्रम गर्दै प्रतिष्ठानले एकल साँझको बिभिन्न पक्षबारे जानकारी गराएको छ ।

कार्यक्रममा प्रतिष्ठानकी अध्यक्ष रिता थापा मगरले अग्रज कलाकारको सम्मान, लोककला र संस्कृतिको संरक्षण गर्ने उद्देश्यका साथ यो बर्षबाट एकल साँझ आयोजना थालेको जानकारी दिइन् । 'हामीले अबदेखि हरेक बर्ष एक अग्रज कलाकारको एकल साँझ आयोजना गर्ने उदेश्य राखेका छौ । त्यसै अनुरूप यो बर्ष नारायण रायमाझी एकल साँझ हुन लागेको हो', थापाले भनिन् ।

कार्यक्रममा गायक तथा संगीतकार रायमाझीले प्रतिष्ठान जस्तो गरिमामय संस्थाले गर्न लागेको पहिलो एकल साँझमा आफु छनोटमा पर्नु भनेको आफ्नो अहोभाग्य भएको बताए । उनले आयोजना हुन लागेको एकल साँझ आफ्नो जीवनकै पहिलो एकल साँझ भएकोले आफ्ना लागि चुनौती र अवसर दुबै रहेको धारणा राखे ।

'जीवनमा एकल साँझ गरिन्थ्यो, गरिदैन थियो । प्रतिष्ठानले एक अवसर दिएको छ', रायमाझीले भने 'कताकता डर, कताकता उत्साह लागि रहेछ । म पनि एउटा नयाँ अनुभव गर्दैछु ।' जीवनका सुख, दुःखका नयाँ तथा पुराना गीतसंगीत दर्शक समक्ष पोख्ने सुवर्ण अवसरको रूपमा एकलसाँझलाई आफुले लिएको उनले सुनाए ।

'जीवनमा धेरै गीत गाइयो । कार्यक्रममा सबै गीत प्रस्तुत गर्न सकिदैन होला । सकेसम्म सबै खालका रंगले भरिएका गीतहरू राख्नेछु', उनले अगाडि थपे 'अलिकति भावना, अलिकति संस्कृति बोकेका, सबैको मन छोएका, जीवनमा आफुलाई सन्टुष्टि मिलेका जतिसक्दो धेरै गीत राख्ने कोसिस गर्नेछु ।' कार्यक्रममा नेपाल टेलिकमका प्रवन्धक हरि ढकालले लोक गीतसंगीत राष्ट्रको पहिचान भएका बताउदै लोक गीत संगीतको अग्रज श्रष्ठाको कार्यक्रममा जोडिन पाउँदा खुसी लागेको बताए ।

दिउँसो १ देखि ७ बजेसम्म ६ घन्टा चल्ने एकल साँझमा करिब हजारौ दर्शक हुने अपेक्षा आयोजकको छ । प्रज्ञाप्रतिष्ठानको हल भित्र भिआइपीहरूका लागि प्रत्यक्ष हेर्न र सुन्ने ब्यवस्था गरिने र बाहिर चौरमा स्क्रिन मार्फत सर्वसाधारणका लागि हेर्ने र सुन्ने ब्यवस्था हुनेछ । कार्यक्रमको खर्च तिस लाख हुने आयोजकले अनुमान गरेको छ । क्वालिटी साउन्ड सिस्टम सहित उत्कृष्ट तरिकाले आयोजना हुने कार्यक्रमका लागि टिकटको समेत ब्यवस्था गरिनेछ ।

एकल साँझको प्रोमो समेत सार्वजनिक गरिएको कार्यक्रममा प्रतिष्ठानका पुर्व अध्यक्ष तथा संरक्षक दुर्गा रायमाझी, चन्द्र शर्मा, बद्री पंगेनी, राजन लम्साल, उज्वोल जंग ठकुरी, रामचन्द्र कोइराला, आरसी कोइराला, प्रेमराजा महत लगायत थुप्रै ब्यक्तिहरूको सहभागीता रहेको थियो ।

२०४२ सालमा कारगिल (रेलिमै) बाट आफ्नो साङ्गीतिक यात्राको थालनी गरेका रायमाझीका भईफुलबुट्टे चोलीमा, राम्दीपूल तरने बित्तिकै, राम्दी पूल तर्ने, गेटमा बेलीजाई, कालो केशमा रातो रिबन, शिरमा रिबन, तिनाउ खोलामा, पसिनाले पैसा साटेरलगायतका सयौं लोकप्रिय गीतहरू छन् ।

रायमाझीले 'गोर्खा पल्टन', 'परदेशी' र 'परदेशी २' लगायतको फिल्म पनि निर्माण निर्देशन गरेका छन् । 'परदेशी २' प्रदर्शनमान आउन बाँकी रहेको छ ।

# मोडलिङमा स्थापित प्रतीक्षा



■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रतीक्षा काफ्ले नेपाली गीतसंगीतमा आफ्नो अभिनय क्षमताबाट आफूलाई अब्बल प्रमाणित गर्न सफल नाम हो । विस २०५३ सालमा बुवा यामनाथ र आमा नैनाकला काफ्लेकि दोस्रो सन्तानको रूपमा पाँचथरको फिदिममा जन्मिएकी प्रतीक्षाको नशा नशामा अभिनयको प्रतिभा स्कुले जीवनबाट नै थियो । विद्यालयमा हुने विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा निरन्तर सहभागी तथा पुरस्कृत भएकी प्रतीक्षा आफूलाई पढाउने गुरुहरूको नजरमा सधैं परिरहिन् । उनीभित्र रहेको सोही प्रतिभाको आयतन बढ्दै जाँदा हाल उनी नेपाली गीतसंगीतमा चर्चित भैसकेकी छन् ।

आफ्नो स्कुले जीवनलाई बिट मारेर उच्च शिक्षाका लागि राजधानी छिरेकी प्रतीक्षालाई कलाकारिताको भोकले कहिल्यै छोडेन । त्यो भोक अझ विकसित हुँदै गयो उनिभित्र । जसको कारण डिजिटल प्रविधिको प्रयोगसँगै टिकटक भित्रिएपछि उनले आफ्नो भोकलाई टिकटकका टुक्काहरूमार्फत मेट्न थालिन् । उनि टिकटकबाट यति लोकप्रिय भइन कि उनलाई राम्रा नेपाली सुगम संगीतका गीतहरूको अफर आउन थाल्यो । यही क्रममा उनलाई गायक तथा संगीतकार नारायण थापाले आफ्नो गीत 'तिम्रो आकर्षणले'मा ब्रेक दिए २०७७ सालमा । आफ्नो पहिलो म्युजिक भिडियोको सहकार्य नै देशका उत्कृष्ट संगीतकार शिखर सन्तोषको संगीत तथा अग्रज गीतकार आनन्द अधिकारीको शब्दसँग हुनुले उनिभित्रको भोकलाई जोस र आशामा रूपान्तरण गरिदियो । त्यसपछि क्रमशः उनको कलाकारिताले हाँगा फिजाउन थाल्यो ।

त्यसपछि मनका कुरा, बुंगो, आँखामा निद छ, नघोच यो छाती, पछिल्लो समय चर्चामा रहेको मुर्रा भैंसी लगायत दर्जनभन्दा बढी गीतहरूमा रामकृष्ण ढकाल, मेलिना राई, अर्जून पोखरेल, अनु चौधरी लगायतका सांगीतिक क्षेत्रका हस्तीहरूसँग उनको सहकार्य भयो । जसले उनको परिचयलाई अझ उचाइ प्रदान गर्‍यो । आफ्नो अभिनय कौशलताबाट आफ्नो टिमलाई मात्र नभएर आफ्ना दर्शकहरूलाई समेत भरपुर चित्त बुझाएकी प्रतीक्षा अझ धेरै गुणस्तरका कामहरूमा ध्यान दिने बताउँछिन् ।

तिम्रो आकर्षणले बोलको गीतबाट 'नेपाली म्युजिक एन्ड फेसन अवार्ड'बाट सम्मानित भएपछि उनिभित्रको जोस अझ बढी विश्वासमा परिणत भएको उनि बताउँछिन् । भन्छिन्: 'यति ठूलो मूल्यांकनले आफ्नो कलाकारितामा खुसी र चुनौती दुबै थपेको छ । यही क्षेत्रमै धेरै गर्न सक्छु जस्तो लागेको छ ।' उनको यो खुसीमा अर्को खुसी थपिदियो, आँखामा निद छ बोलको गीतबाट उनले जितेको स्पर्श अवार्डले । यति मात्र होइन उनि राष्ट्रिय बिलक्षण प्रतिभा सम्मान, नेशनल पर्शनालिटी एन्ड ट्यालेन्ट अनरबाट पनि सम्मानित भैसकेकेकी छन् । साथै उनले काव्य अवार्डमा जुरी मेम्बरका रूपमा समेत काम गरिसकेकी छन् ।

हाल स्नातक तहमा अध्ययन गरिरहेकी प्रतिक्षा कलाकारितामै आफ्नो जीवन समर्पण गर्ने बताउछिन् । प्रतिक्षाका आधा दर्जनभन्दा बढी भिडियो सार्वजनिक हुने क्रममा छन् । कलाकारिताबाटै बाँच्न सक्ने आँट बोकेकी प्रतिक्षा आफ्नो कलाकारिताको संगत र सहकार्यको बाटो धेरै फराकिको भएको तथा आफ्ना काम मनपराउने टीमहरू पाइरहेको बताउँछिन । आफूभित्रको आफूलाई पूर्ण विश्वास गरेर सांगीतिक क्षेत्रमा जमिरहेकी छिन् प्रतिक्षा ।

## रंगशाला

**महिला टी-२० सिरिज**

# हङकङमाथि नेपालको जित



■ प्रभाव संवाददाता

**काठमाडौं–** चार देश सम्मिलित महिला टी-ट्वान्टी आई सिरिजअन्तर्गत हङकङविरुद्धको पहिलो खेलमा नेपाल विजयी भएको छ । नेपालले हङकङलाई ६ विकेटले पराजित गरेको हो । डेब्यू खेलमै नेपालकी पूजा महतोले उत्कृष्ट बलिङ र ब्याटिङ गरिन् । उनले हङकङविरुद्धको खेलमा १६ रन बनाउनुका साथै एक विकेट समेत लिइन् ।

मलेसियाको राजधानी क्वालालम्पुरस्थित बायोमास ओभल क्रिकेट मैदानमा हङकङले नेपाललाई जितका लागि ८५ रनको लक्ष्य दिएको थियो । उक्त लक्ष्य नेपालले १५ दशमलव पाँच ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालका लागि सम्झनाकुमारी खड्काले अविजित ३६ रन बनाइन् । उनले ३६ बल खेल्ने क्रममा पाँच चौकासमेत हिर्काइन् । यस्तै पूजा महतोले १६, कप्तान रुविना क्षेत्री बेलबासेले १० रनको योगदान दिइन् । हङकङले नेपालको खातामा १३ अतिरिक्त रन थपेको थियो ।

यसअघि नेपाली टोलीकी कप्तान रुविना क्षेत्री बेलबासेले टस जितेर पहिला फिल्डिङ गर्ने निर्णय लिएकी थिइन् । हङकङले १९ दशमलव एक ओभरमा सवै विकेटको क्षतिमा ८४ रन मा बनायो । हङकङका लागि का यिङ चानले ३४ तथा शिङ यान दोरोथिया चानले १६ रन बनाउनु बाहेक अन्य खेलाडीले सम्झिन लायक रन बनाउन सकेनन् । हङकङको खातामा नेपालले चार अतिरिक्त रन थपेको थियो ।

बलिङतर्फ नेपालका लागि सीता रानामगर एक्लैले पाँच विकेट लिइन् । उनले चार ओभर बलिङ गर्दै मात्र १६ रन खर्चेकी थिइन् । सीता प्लेयर अफ दी म्याच भइन् । यस्तै इन्दु बर्माले दुई तथा कविता कुँवर, पूजा महतो र रुविना क्षेत्री बेलबासेले एक/एक विकेट लिए ।

महिला टी-ट्वान्टी आई सिरिजअर्न्तगतको अर्को खेलमा मलेसियाले कुवेतलाई आठ विकेटले पराजित गरेको छ ।

आयोजक मलेसियासहित नेपाल, हङकङ र कुवेतले महिला टी-ट्वान्टी आई सिरिज खेलिरहेका छन् । यही अगष्ट ३१ तारिखदेखि मलेसियामै हुने आइसिसी महिला टी-२० विश्वकप एसिया क्वालिफायरको तयारीस्वरूप नेपालले उक्त सिरिज खेलिरहेको छ ।

# एसियाकप खेल्न सन्दीपबाहेक नेपाली क्रिकेट टोली पाकिस्तान प्रस्थान



■ प्रभाव संवाददाता

**काठमाडौं–** एसिया कप खेल्नका लागि नेपाली क्रिकेट टिम पाकिस्तान प्रस्थान गरेको छ । नेपाली क्रिकेट टिम मंगलबार राती पाकिस्तान प्रस्थान गरेको हो । नेपाली टिमका साथ स्टार क्रिकेटर सन्दीप लामिछाने भने पाकिस्तान गएका छैनन् । उनको स्वास्थ्यमा केही समस्या देखिएपछि टिमसँगै पाकिस्तान नगएको जनाइएको छ । नेपाल क्रिकेट टोलीका व्यवस्थापक प्रदिप मजगैयाले सन्दीपलाई ज्वरो आएकोले पाकिस्तान अन्य टिमसँग पाकिस्तान नगएको बताए ।

त्यसअघि नेपाली क्रिकेट टिमलाई राष्ट्रपति रामचन्द्र पौडेलले मंगलबार दिउँसो शीतल निवासमा एक कार्यक्रमकाबीच बिदाई गर्नुको साथै शुभकामना दिएका थिए ।

एसिया कप ३० अगष्ट देखी १७ सेप्टेम्बर सम्म हुनेछ । समूह ए मा नेपाल, पाकिस्तान र भारत छन् । समूह बी मा बंगलादेश, श्रीलंका र अफगानिस्तान छन् । नेपालले १३ भदौ मा पाकिस्तानसँग मुल्तानमा खेल्नेछ । नेपालले भदौ १८ मा भारतसँग श्रीलंकाको क्यान्डिमा खेल्नेछ ।

**नेपालको टोली :**
रोहित पौडेल, आसिफ शेख, कुशल भुर्तेल, ललित राजवंशी, भीम सार्की, कुशल मल्ल, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने, करण केसी, गुलशन झा, आरिफ शेख, सोमपाल कामी, प्रतिश जिसी, किशोर महतो, सन्दीप जोरा, अर्जुन साउद र श्याम ढकाल

# बक्सिङमा नेपाललाई दुई कास्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** ब्राजिलको रियो दी जेनेरियोमा सुरु भएको दोस्रो आईएसएफ जिम्न्यासाइड-२०२३' मा नेपालले बक्सिङबाट दुईवटा कांस्य पदक जितेको छ । ओलम्पिक पार्कमा सम्पन्न खेलमा प्रकृति थापाले ५१ केजी तौल समूहमा र शेरप ग्याल्चेन शेर्पाले ६० केजी तौल समूहमा कांस्य पदक जितेका हुन् ।

दुवै खेलाडीहरूले क्वार्टरफाइनलमा बाई पाएर सिधै सेमिफाइनल खेलेका थिए । सेमिफाइनलमा शेरपले आयोजक ब्राजिली प्रतिद्वन्दीसँग कडा प्रतिस्पर्धा गरे पनि जित भने हात पार्न सकेनन् । तीन राउन्डको भीडन्तमा शेरपले दोस्रो र तेस्रो चरणमा राम्रो गरे पनि पहिलो राउन्डमा उनी पछि परेका थिए ।

गत वर्ष काठमाडौंमा भएको अल नेपाल स्कुल ब्वाइज बक्सिङ प्रतियोगितामा स्वर्ण पदक जितेका शेरपबाट स्वर्ण पदकको आशा गरिएको थियो । उनका प्रशिक्षक प्रकाश थापामगरले शेरप भविष्यमा नेपालको राम्रो खेलाडी बन्न सक्ने प्रतिक्रिया दिए । प्रकृति भने सेमीफाइनलमा क्रोयसियाकी खेलाडीसँग 'आरएससी' आउट हुन पुगेकी हुन् । पहिलो राउन्डमा उनले दुई पटक 'काउन्ट' खाएपछि दोस्रो राउन्ड खेल्न पाइनन् ।

यसैगरी बास्केटबलतर्फ महिला थ्री अन थ्री स्पर्धामा चिलीसँग पराजित भएपछि नेपाल बाहिरिएको छ । पौडीतर्फ ५० मिटर ब्रेस्ट स्ट्रोकमा सहभागी नेपालका सुगम श्रेष्ठले पनि पदक जित्न सकेनन् । १८ खेलमध्ये नेपालले पाँच खेल बक्सिङ, पौडी, तेक्वान्दो, टेबलटेनिस र बास्केटबलमा सहभागिता जनाएको छ ।

अन्तर्राष्ट्रिय स्कुल स्पोर्टस महासंघ (आईएसएफ) को आयोजनामा हरेक दुई वर्षमा हुने जिम्न्यासाइड यो वर्ष अगस्ट १७ देखि २५ तारिखसम्म आयोजना हुँदैछ । यो १३ देखि १५ वर्ष उमेर समूहको 'मिनी ओलम्पिक' प्रतियोगिता हो । प्रतियोगितामा ४४ राष्ट्रबाट दुई हजार खेलाडीले विभिन्न १८ खेलमा प्रतिस्पर्धा गरिरहेका छन् ।

# १५ वर्षको निर्वासनपछि स्वदेश फर्किए सिनावात्रा



**ब्यांकक–** थाइल्याण्डका पूर्वप्रधानमन्त्री थाक्सिन सिनावात्रा १५ वर्षको निर्वासनपछि स्वदेश फर्किएका छन् । देशमा नयाँ प्रधानमन्त्री चयन हुनुभन्दा केही घण्टा अगाडि उनी स्वदेश फर्किएका हुन् ।

आफूमाथि राजनीतिक रूपमा प्रेरित भएर विभिन्न आपराधिक मुद्दा लगाएपछि निर्वासनमा गएका नेता थाक्सिनलाई कमजोर बनाउन सैन्य विद्रोह र विवादास्पद अदालती मुद्दाको सहारा लिइएको थियो । निर्वाचित नेता उनलाई राजपरिवारले पनि तिरस्कार गरेपछि देशबाहिर जानुपरेको थियो । उनविरुद्ध १० वटा आपराधिक मुद्दा लगाइएका छन् ।

दुबईबाट सिंगापुर हुँदै निजी जेटमा स्थानीय समयअनुसार बिहान ९:०० बजे राजधानी ब्यांककमा अवतरण गरेका उनको सयौं समर्थकले जयकारका साथ स्वागत गरेका थिए । नेता सिनावात्राको दलको गढ मानिएको उत्तरपूर्वको सुरिन प्रान्तबाट रातभर यात्रा गरेर समर्थक विमानस्थलमा पुगेका थिए ।

आफ्ना दुई छोरी र छोराको साथमा उनी विमानस्थलको टर्मिनलबाट छोटो समयका लागि निस्कए र राजा रानीको तस्बिरमा श्रद्धाञ्जली अर्पण गरे । त्यसपछि उनलाई सर्वोच्च अदालत लगिएको थियो । उनलाई लामो समयसम्म हिरासतमा नराखिने अपेक्षा गरिएको छ ।

हालैको निर्वाचनमा सबैभन्दा धेरै स्थानमा जित हासिल गरेको कट्टरपन्थी युवा मुभ फर्वार्ड पार्टी नेतृत्वले फेउ थाईसँग सत्ता साझेदारीका निम्ति समझदारी गरेको छ । गठबन्धनमा अन्य दल पनि सहभागी हुने बताइएको छ ।

*रासस/एएफपी*

# हवाई डढेलोमा ११५ जनाको मृत्यु

**माउई, (हवाई)–** संयुक्त राज्य अमेरिकाको हवाई राज्यको माउई जंगलमा लागेको डढेलो मानव बसोबास भएका स्थानमा फैलँदा त्यसमा परेर ज्यान गुमाउनेको संख्या ११५ पुगेको छ ।

माउ काउन्टीले मंगलबार जारी गरेको पछिल्लो विवरणअनुसार ८५० जना अझै हराइरहेका छन् भने खोजी तथा उद्धारका प्रयासलाई निरन्तरता दिइएको छ ।

आगोको चपेटामा परेका सबै एकतले आवासीय भवनमा खोज जारी छभने अबको खोज बहुतले आवासीय र व्यावसायिक भवनमा हुने माउईका प्रमुख रिचर्ड बिसेनले बताएका छन् । राष्ट्रपति जो बाइडेन र प्रथम महिला जिल बाइडेनले लहाइनाको आग्निप्रभावित क्षेत्रको भ्रमण गरेर पीडितहरूलाई सात्वाना दिएका छन् । राष्ट्रपतिले आगोले सखाप पारेका स्थानको पुनर्निर्माणमा संघीय सरकारबाट सबै सहायता उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

अग्निपीडित समुदायलाई सम्बोधन गर्दै उनले भने, ‘ हामी यी पवित्र स्थल र यहाँको परम्पराको सम्मान गर्छौं र माउईका जनताले निर्माण गर्न चाहेअनुरूप पुनर्निर्माण गर्नेछौं ।’

प्रचण्ड गर्मीमा ठूलो विपत्ति बनेर आउने वन डढेलो टापुराज्य हवाईका निम्ति अभिषाप बनेको छ । दशकौंपछि भएको यो प्राकृतिक विपत्तिमा सुनामीमाभन्दा धेरैले ज्यान गुमाएका छन् ।

सन् १९६० को सुनामीमा ६१ जनाको मृत्यु भएको थियो भने त्यसको १४ वर्षअघिको सुनामीमा भने १६० जनाले ज्यान गुमाएका थिए ।

*रासस/सिन्ह्वा*

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
## वैदेशिक रोजगार विभागको
## सूचना

नेपाल सरकार वैदेशिक रोजगार व्यवसाय संचालन गर्न ईजाजत प्राप्त संस्था **श्री इमेज मेनपावर प्रा.लि.**(ई.प.नं.७८८/०६५/६६) ले यस विभाग समक्ष ईजाजत पत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा गरी पाउँ भनी निवेदन पेश गरेकोले सो सम्बन्धमा कोही कसैको हक स्वामित्व तथा लेनदेनमा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यस विभागको **मिति** २०८०/०१/३१ को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । अन्यथा माग बमोजिम ईजाजतपत्र रद्द गरी धरौटी रकम फिर्ता तथा वैंक ग्यारेन्टी फुकुवा भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : RISING STAR FORCE SECURITY SDN BHD
पूर्व स्वीकृति मिति २०८०/०५/०५ LT. No. 291421 चलानी नं. ६०२०६५९७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 50 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ELITE GURKHAS
श्रम ईजाजत नं.५३५/०६१/०६२
**Elite Gurkhas Overseas Pvt. Ltd.**
Tokha -5, Basundhara, Kathmandu, Tel.: +977-1-4016621,4016638
Mobile: 9851010604, 9851088873, 9851051593,9801033388, 9843213555, 9828271335, 9828040422,9803633831
Fax: 977-1-4016620, E-mail: info@elitegurkhas.com.np, Web:www.elitegurkhas.com.np

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GROUP SECURITY SYSTEM CERTIS CISCO INTERNATIONAL
पूर्व स्वीकृति मिति २०८०/०५/०५ LT. No. 291364 चलानी नं. ६०२०६६०२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | QR | ने.रू. | | | | | | | |
| 1 | Security Guard | 37 | 12 | 1500 | ५४,६९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: Kaski, Pokhara, New Janapriya Thakali Bhansa Ghar, मा मिति: २०८० भदौ १४ गते (31st. Aug 2023) मा हुनेछ ।**
**संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १४ गते (31st. Aug 2023) मा हुनेछ ।**
**Sunsari, Intourist Hotel, Itahari 6 मा मिति: २०८० भदौ १५ गते (1st Sep. 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Licence No.: 1312/074/75
**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BRANCH OF ABDULAZIZ RASHID AL KATHIRI CONTRACTING EST
पूर्व स्वीकृति मिति : २०७९/१२/१३ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०५ LT. No. 283499 चलानी नं. : ६०१९८८६३

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Packaging And Wrapping Worker | 2 | 0 | 1000 | ३५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Max Employment Center Gov. Lic. No.: 1531/078/079
श्रम ईजाजत नं. १५३१/०७८/०७९
**Max Employment Center Pvt. Ltd.**
Bijay Chowk-9 Kathmandu , Nepal
Phone: +977-1-4481066
Email: maxecenter@gmail.com /www.maxecenter.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOUDATH FACILITIES MANAGEMENT SERVICES CO. LLC.
पूर्व स्वीकृति मिति २०८०/०२/०४ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०५ LT. No. 286206 चलानी नं. ६०२०१६६२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner Male | 20 | 0 | 800 | २८,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : AL NADA BUILDING CLEANING SERVICES
पूर्व स्वीकृति मिति २०८०/०५/०४ LT. No. 291332 चलानी नं. ६०२०६५८२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | AED | ने.रू. | | | | | | | |
| 1 | Cleaner | 15 | 10 | 900 | ३२,५७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mobhira Overseas Service Pvt. Ltd.**
P.O. Box : 15142, K.P.C. : 283, Basundhara, Kathmandu, Nepal
Tel: +977 1 4359905/ 4385829/ 4385832, Fax: +977-1- 4353733/ 4386111
Govt. License 083/053/054
Email: mobhiraoverseas111@gmail.com, mobhiraoverseas222@gmail.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : U-METAL ENGINEERING SDN BHD
पूर्व स्वीकृति मिति २०७९/०४/१६ पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०५ LT. No. 268371 चलानी नं. ६०१८४२७७

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 14 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : CUSTOM FOOD INGREDIENTS SDN.BHD.
पूर्व स्वीकृति मिति २०८०/०५/०५ LT. No. 291351 चलानी नं. ६०२०६५८१

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | RM | ने.रू. | | | | | | | |
| 1 | Factory Worker | 42 | 0 | 1500 | ४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MERIDIAN OVERSEAS PVT. LTD.**
श्रम ईजाजत नं. ६१३/०६२/०६३
Basundhara, Kathmandu, Nepal. Tel. : +977-1-4390463,4390464, 9851054401, 9765229376

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : RAMAT AL QASSIM FACTORY FOR BLOCKS AND READY MIX CONCRETE
पूर्व स्वीकृति मिति २०८०/०५/०५ LT. No. 291431 चलानी नं. ६०२०६६०९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Upload and Download Agent | 1 | 0 | 1000 | ३५,४४५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु.१,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Kapeel Manpower Pvt. Ltd.**
श्रम ईजाजत नं. १८५/०५७/०५८
P.O. Box: 8975, Kupandole, Lalitpur, Nepal
Tel: 01-5451901, Fax: 977-1-5542407
Mobile: 9851324457, 9823299605 E-mail: kapeelmanpowerpvtltd@gmail.com
Website: www.kapeelmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CODE IN CONTRACTING EST
पूर्व स्वीकृति मिति २०८०/०५/०५ LT. No. 291061 चलानी नं. ६०२०६५८९

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | SR | ने.रू. | | | | | | | |
| 1 | Steel Fixer | 2 | 0 | 1200 | ३५,०६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np

## बहराईनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARAYA GATE TRADING
पूर्व स्वीकृति मिति: २०७८/०९/२० पुन विज्ञापन स्वीकृति मिति २०८०/०५/०५ LT. No. 255539 चलानी नं. ६०१७२०४२

| सि.नं. | कामदारको पद | माग संख्या | | मासिक तलव | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | BHD | ने.रू. | | | | | | | |
| 1 | Gardener | 12 | 0 | 100 | ३५,२६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० भदौ १३ गते (30th. Aug 2023) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Chinari Overseas Pvt. Ltd.**
Govt. License 1165/073/074
P.O. Box : 8837, Dhumbarahi, Kathmandu, Nepal
Tel : +977-1-4372922/ 4376922 Fax : +977-1-4376922
E-mail : chinarioverseas@gmail.com Website :chinarioverseas.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल - बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फयाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ११०५०० | प्रति तोला – १०९९५० | प्रति तोला – १४१५ |



माटाको भाँडाकुँडा बिक्री | महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका–२ स्थित हटियामा माटाका भाँडाकुँडा खरिदबिक्री बिक्री गरिँदै । *तस्बिर : सञ्जीतकुमार मण्डल, रासस*

## 'विद्युत् उत्पादन, प्रसारण र वितरणमा तालमेल आवश्यक'

■ प्रभाव संवाददाता

**चितवन–** प्रधानमन्त्री पुष्पकमल दाहालले विद्युत् उत्पादन, प्रसारण र वितरणमा तालमेल आवश्यक रहेको बताएका छन् । नयाँ भरतपुर २२०/१३२ किलोभोल्ट (केभी) सबस्टेसन, हेटौँडा-भरतपुर-बर्दघाट दुई सय २० केभी डबल सर्किट प्रसारण लाइन र मर्स्याङ्दी करिडोर दुई सय २० केभी प्रसारण लाइनको उद्घाटन गर्दै उनले तालमेलकै कारण विद्युतीकरणमा नेपालले फड्को मार्न सकेको बताएका हुन् ।

सोही अवसरमा प्रधानमन्त्री दाहालले भरतपुर महानगरपालिका-११ आँपटारीमा मर्स्याङ्दी करिडोर दुई सय २० केभी प्रसारण लाइन आयोजनाअन्तर्गत निर्माण गरिएको 'ग्यास इन्सुलेटेड सबस्टेसन (जिआइएस)' प्रविधिमा आधारित सबस्टेसनको समेत उद्घाटन गरेका थिए । उनले नेपालको जलविद्युत्को क्षमता राम्रो भएको उल्लेख गर्दै यसलाई व्यवस्थित ढंगबाट उत्पादन गर्नेमा लाग्नुपर्ने बताए ।

उनले भने, 'उत्पादन, प्रसारण र वितरण गरी तीनवटै कुराको बीचमा उचित तालमेल भएन भने अपेक्षा गरे अनुसारको नतिजा प्राप्त गर्न सकिँदैन ।' उत्पादन मात्रै गरेर नपुग्ने भन्दै प्रधानमन्त्री दाहालले उत्पादन अनुसारका प्रसारण लाइन निर्माण गर्नुपर्ने बताए ।

लामो समयदेखि विद्युत् उत्पादनमा मन्दी रहेको उल्लेख गर्दै उनले पछिल्लो समय त्यसमा तीव्रता आएको बताए । उनले भने, 'उत्पादन क्षमता वृद्धि भएको छ, प्रसारण लाइनको काम पनि निकै अघि बढेको छ ।' देशभित्रै गुणस्तरीय ढंगले विद्युत् खपत बढाउनुपर्ने भन्दै प्रधानमन्त्री दाहालले प्राविधिक रूपमा देखिएका समस्याहरू समाधान गर्दै जानुपर्ने बताए ।

बढी भएको विद्युत्लाई अन्तरदेशीय व्यापार गरेर नेपालको अर्थतन्त्रमा पनि गुणात्मक सुधार गर्न सकिने उनको भनाइ छ । प्रधानमन्त्री दाहालले भने, 'भारतसँग अन्तरदेशीय प्रसारण लाइनहरू पूर्व, मध्य र पश्चिम सबैतिर बन्दै गइरहेका छन् ।' यसले गर्दा हामीलाई चाहिएको समयमा लिने र धेरै भएको बेला बेच्ने दुवै काम गर्न सहज भएको उनले बताए ।

भारत भ्रमणको समयमा देश हजार मेगावाट १० वर्षभित्रमा व्यापार गर्ने सम्झौता भएको प्रसंग उल्लेख गर्दै प्रधानमन्त्री दाहालले प्रारम्भिक हस्ताक्षरसमेत भइसकेको बताए । उनले भने, 'एउटा समारोहका साथ घोषणा गर्ने तयारी भइरहेको छ ।' विगत लामो समयदेखि प्रतीक्षा गरिरहेको बंगलादेशसँग विद्युत् व्यापारको विषय अघि बढिरहेको उनले बताए । उनले भने, 'अहिले पहिलो पटक नेपाल, भारत र बंगलादेशबीचमा त्रिपक्षीय सैद्धान्तिक समझदारी बनेको छ । अब नेपालको विद्युत् बंगलादेश पठाउने बाटो खुलेको छ ।'



एकातिर देशभित्रै बढी विद्युत् खपत गर्ने र अर्कोतर्फ निर्यात गरेर आर्थिक समृद्धि ल्याउनेमा सरकार लागेको प्रधानमन्त्री दाहालले बताए । चीनतिर पनि विद्युत् व्यापार गर्नका लागि अन्तरदेशीय प्रसारण लाइन बन्ने तयारीमा रहेको उनको भनाइ छ । बूढीगण्डकीको छिट्टै शिलान्यास गरिने उल्लेख गर्दै उनले कर्णाली चिसापानीको १० हजार आठ सय मेघगावाटको एउटै परियोजनाको अध्ययन विद्युत् प्राधिकरणमार्फत अघि बढाइने बताए ।

कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले उत्पादनको क्षेत्रमा जसरी वृद्धि हुँदै गइरहेको छ सोही अनुसार भारवहन गर्न सक्ने प्रसारण लाइनको विकास र विस्तार गर्ने बताए । आन्तरिक खपतमा हुँदै गइरहेको वृद्धिलाई व्यवस्थित वितरण गरिने उनको भनाइ थियो ।

बढी भएको विद्युत्लाई बिक्री गर्ने गरी एकीकृत योजना बनाएर अघि बढिरहेको मन्त्री बस्नेतले बताए । तत्कालीन, अल्पकालिन र दीर्घकालीन योजना निर्माण गरेर काम गरिरहेको उनले बताए । विद्युत्मा अहिले देखिएका समस्या समाधान गरेर आफू अघि बढिरहेको र आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापन गरिरहेको मन्त्री बस्नेतले बताए । 'समृद्धि, विकास र स्वच्छ वातावरणका लागि ऊर्जा' भन्ने मान्यताका साथ काम भइरहेको उनको भनाइ छ । समग्र अर्थतन्त्र र विकासका लागि ऊर्जा क्षेत्र महत्वपूर्ण रहेको मन्त्री बस्नेतले बताए । उनले आन्तरिक खपतसँगै निर्यातलाई प्राथमिकता दिने बताए ।

नेपाल सरकार तथा नेपाल विद्युत् प्राधिकरणको लगानी र युरोपेली लगानी बैंक (इआइबी)को सहुलितपूर्ण ऋणमा सबस्टेसन र सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा हेटौँडा-भरतपुर-बर्दघाट दुई सय २० केभी प्रसारण लाइन निर्माण गरिएको हो । उद्घाटन गरिएको हेटौँडा-भरतपुर-बर्दघाट दुई सय २० केभी प्रसारण लाइनको लम्बाइ करिब एक सय ४७ किलोमिटर छ । एक हजार मेगावाटसम्म विद्युत् प्रवाह गर्न सक्ने प्रसारण लाइनलाई हेटौँडा-भरतपुर र भरतपुर बर्दघाट दुई खण्डमा विभाजन गरी निर्माण गरिएको थियो ।

मकवानपुरको हेटौँडा उपमहानगरपालिका चौकीटोलस्थित पुरानो हेटौँडा सबस्टेसनबाट नयाँ भरतपुर सबस्टेसनसम्मको दुई सय २० केभी डबल सर्किट प्रसारण लाइनको एउटा सर्किटलाई एक सय ३२ केभीमा चार्ज गरिएको छ । दोस्रो खण्डअन्तर्गत नयाँ भरतपुर सबस्टेसनबाट सुरु भई नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)को बर्दघाट सबस्टेसमा अन्त्य हुने ७४ किलोमिटर दुई सय २० केभी डबल सर्किट प्रसारण लाइनलाई हाल एक सय ३२ केभीमा सञ्चालन ल्याइएको सो अवसरमा जानकारी दिइएको थियो ।

प्रसारण लाइनको क्षमता सुदृढीकरण, नेपालको एकीकृत विद्युत् प्रणाली विश्वसनीय बनाउन पश्चिम क्षेत्रमा निर्माण हुने जलविद्युत् आयोजनाको विद्युत् प्रवाहका लागि हेटौँडा-भरतपुर-बर्दघाट प्रसारण लाइन निर्माण गरिएको हो । नेपाल सरकार तथा प्राधिकरणको लगानी र विश्व बैंकको सहुलितपूर्ण ऋणमा आयोजना सुरु गरिएको थियो । हेटौँडा-भरतपुर खण्ड निर्माणका लागि भारतीय कम्पनी आइकम टेलबीच २०६५ फागुनमा ठेक्का सम्झौता भएको थियो । तर, काम नगरी रणनीतिक महत्वको प्रसारण लाइनको काम अलपत्र पारेपछि प्राधिकरणले उक्त ठेक्का तोडी नयाँ 'टेन्डर' गरेको थियो । विसं २०७७ जेठमा नयाँ ठेक्का सम्झौता गरी बाँकी काम गराइएको थियो ।

भरतपुर-बर्दघाट प्रसारण लाइनको लम्बाइ ७४ किलोमिटर प्रसारण निर्माणका लागि सेन्ट्रल चाइना पावर ग्रिड इन्टर नेसनल इकोनमिक एन्ड ट्रेड कम्पनीसँग २०६७ कात्तिकमा ठेक्का सम्झौता भएको थियो । कार्यसम्पादन सन्तोषजनक नभएपछि उक्त कम्पनीसँगको ठेक्का सम्झौता २०७४ जेठमा रद्द गरी प्राधिकरणले बाँकी काम गर्न नयाँ टेन्डर गरेको थियो । बाँकी रहेको काम गर्न चिनियाँ कम्पनी हेङटन अप्टिक्स इलेक्ट्रिकसँग २०७५ साउनमा ठेक्का सम्झौता भएको थियो ।

## बंगलादेशसँग छिट्टै विद्युत् व्यापार सम्झौता : मन्त्री बस्नेत

■ प्रभाव संवाददाता

**चितवन–** ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतले बंगलादेशसँग विद्युत् व्यापार सम्झौता छिट्टै हुने बताएका छन् । भरतपुर विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्दै मन्त्री बस्नेतले सम्झौतासम्बन्धी यसैवर्ष औपचारिक रूपमा घोषणा समेत गरिने स्पष्ट पारे ।

उनले भने, 'औपचारिकता दिनुपर्ने केही काम बाँकी छन्, त्यो पनि अन्तिम चरणमा आइपुगेको छ । सम्झौतापछि कार्यान्वयनमा जान्छ ।' उनले सुख्खा र वर्षा दुवै समयमा नेपाल विद्युत्मा आत्मनिर्भर हुन लागेको बताए । 'हामी पूर्णरूपमा आत्मनिर्भर बन्दैछौं, यससँगै सबै समस्याको समाधान हुन्छ', उनले भने ।

वर्षामा विद्युत् बढी उत्पादन हुने र सुख्खायाममा अपुग हुने स्थिति छिट्टै समाधान हुने मन्त्री बस्नेतको दाबी छ । उत्पादन वृद्धि गरेर वितरण प्रणालीलाई व्यवस्थित गर्ने काम हाल भइरहेको उनको भनाइ छ । पचास प्रतिशत क्षेत्रमा मात्रै भएको विद्युतीकरणलाई बढाएर ९८ प्रतिशत क्षेत्रमा पुऱ्याएको भन्दै उनले हाल देखिएका समस्या छिट्टै समाधान हुने दाबी गरे ।

उनले भने, 'अबको सुख्खा सिजनमा अहिले देखिएका समस्या समाधान भएर जान्छन् । सरकारले एकीकृत योजनाका साथ ऊर्जा क्षेत्रको उत्पादन, प्रसारण र वितरण प्रणालीलाई व्यवस्थित गर्ने काम गरिरहेको छ ।' यससँगै सर्वसुलभ रूपमा विद्युत् व्यापार गर्ने विषयलाई समेत जोडेर एकीकृत योजनाका साथ अघि बढेको मन्त्री बस्नेतले बताए । उनले भने, 'सबैलाई थप प्रभावकारी बनाउनका लागि नीतिगत र कानुन सुधारका काम हामीले गरिरहेका छौं ।'

## साउनमा आन्तरिक राजस्वको लक्ष्य भेटिएन

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको पहिलो महिना साउनमा आन्तरिक राजस्व संकलन लक्ष्यभन्दा न्यून भएको छ । आन्तरिक राजस्व विभागले उपलब्ध गराएको विवरणअनुसार गत साउनमा लक्ष्यको ८२ दशमलव ३३ प्रतिशत मात्रै राजस्व संकलन भएको छ ।

चालु आवको पहिलो महिनामा रू ४९ अर्ब ७० लाख बराबर राजस्व संकलन गर्ने लक्ष्य लिइएकोमा रू ४० अर्ब ३४ करोड ४१ लाख बराबर मात्रै संकलन भएको विभागले जनाएको छ । गत महिना आन्तरिक राजस्वतर्फका कुनै पनि कर शीर्षकमा सरकारी लक्ष्य भेटिएको छैन ।

साउनमा रू १६ अर्ब नौ करोड १३ लाख ५६ हजार बराबर आयकर संकलन गर्ने लक्ष्य राखिएकोमा रू १३ अर्ब २६ करोड ३६ लाख ६३ हजार बराबर मात्रै संकलन भएको छ । आयकरतर्फको मासिक लक्ष्यमा वास्तविक प्राप्ति ८२ दशमलव ४३ प्रतिशत बराबर हो ।

मूल्य अभिवृद्धि कर (भ्याट) पनि मासिक लक्ष्यको ८१ दशमलव ९७ प्रतिशत मात्रै उठेको छ । साउन महिनामा रू १४ अर्ब २४ लाख ७२ हजार बरार भ्याट संकलन




गर्ने लक्ष्य राखिएकोमा रू ११ अर्ब ४७ करोड ७८ लाख ५५ हजार बराबर मात्रै उठेको देखिएको हो ।

त्यस्तै, अन्तःशुल्कतर्फ रू १० अर्ब ६१ करोड ७१ लाख ४६ हजार बराबर उठाउने लक्ष्य राखिएकोमा रू सात अर्ब ७० करोड ९५ लाख ८९ हजार बराबर उठेको छ । जुन लक्ष्यको ७२ दशमलव ६१ प्रतिशत हो ।

घर बहाल कर र स्वास्थ्य सेवा कर पनि लक्ष्यभन्दा न्यून देखिँदा साउन महिनामा शिक्षा सेवा कर भने लक्ष्यभन्दा बढी देखिएको छ । पहिलो महिना घरबहाल करतर्फ मासिक लक्ष्यको ७१ दशमलव ५२ प्रतिशत अर्थात् रू २२ करोड २० लाख छ हजार र स्वास्थ्य सेवा करतर्फ मासिक लक्ष्यको ६५ दशमलव एक प्रतिशत अर्थात् रू ६५ करोड ७१ लाख ६३ हजार बराबर उठेको छ । शिक्षा सेवा कर भने मासिक लक्ष्यभन्दा बढी उठेको छ । साउनका लागि यो शीर्षकमा रू २० करोड ४५ लाख एक हजार बराबर शिक्षा सेवा कर उठाउने सरकारको लक्ष्य रहेकोमा रू २८ करोड ९६ लाख १७ हजार बराबर उठेको छ । जुन लक्ष्यभन्दा ४१ दशमलव ६२ प्रतिशत विन्दुले बढी हो ।

चालु आर्थिक वर्षको पहिलो महिनामा सरकारले उठाएको आन्तरिक राजस्व गत आर्थिक वर्षको सोही अवधिमा उठाएको भन्दा बढी हो । गत आर्थिक वर्ष साउनमा सरकारले रू ३९ अर्ब ८६ करोड ३४ लाख बराबर आन्तरिक राजस्व उठाएको थियो ।

गत आर्थिक वर्ष २०७९/८० का लागि सरकारले रू छ खर्ब २६ अर्ब ६१ करोड बराबर आन्तरिक राजस्व उठाउने लक्ष्य राखेकोमा ७६ दशमलव ५७ प्रतिशत अर्थात् रू चार खर्ब ७९ अर्ब ७९ करोड बराबर मात्रै संकलन भएको थियो । चालु आर्थिक वर्षका लागि सरकारले रू छ खर्ब ७७ अर्ब ७३ करोड बराबर आन्तरिक राजस्व उठाउने लक्ष्य राखेको छ ।

## दोहोरो अंकले बढ्यो नेप्से

■ प्रभाव संवाददाता

**काठमाडौं–** यो सातामा कारोबारको सुरुआती दुई दिन ओरालो लागेको नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा तेस्रो दिन भने दोहोरो अंकको वृद्धि देखिएको छ ।

मंगलबार नेप्से परिसूचक १७ दशमलव ६९ अंकले बढेर दुई हजार १५ दशमलव ९८ विन्दुमा कायम भएको हो । विभिन्न दुई सय ७७ कम्पनीका ६० लाख ३१ हजार तीन सय ५६ कित्ता सेयर ३४ हजार पाँच सय आठ पटक खरिदबिक्री हुँदा रु एक अर्ब ३३ करोड २५ लाख ६४ हजार सात सय ६९ बराबरको कारोबार भएको छ । एक सय ८१ कम्पनीको सेयर मूल्य बढ्दा ४२ कम्पनीको सेयर मूल्य घटेको छ ।




नेप्से परिसूचकसँगै सबै उपसमूहको सूचक पनि हरियो देखिएका छन् । सबैभन्दा धेरै निर्जीवन बीमा समूह एक सय २२ दशमलव ४९ र उत्पादन तथा प्रशोधन समूह ८३ दशमलव ९१ अंकले बढेका छन् । बैंकिङ चार दशमलव ७६, विकास बैंक ४३ दशमलव १०, वित्त ३७ दशमलव ५८, होटल तथा पर्यटन ७० दशमलव ५८ र जलविद्युत् समूह ३४ दशमलव ३० अंकले बढेको छ । त्यस्तै, लगानी समूह शून्य दशमलव ५९, जीवन बीमा ५० दशमलव ०५, लघुवित्त १६ दशमलव ५१, व्यापार १६ दशमलव ७२ र अन्य समूहको उपसूचक २१ दशमलव ७४ अंकले बढेको छ । कुथेली बुखारी स्मल हाइड्रोपावर लिमिटेडको सेयर मूल्य आज सबैभन्दा धेरै नौ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने लक्ष्मी लघुवित्त वित्तीय संस्था लिमिटेडको सेयर मूल्यमा चार दशमलव ४२ प्रतिशतले गिरावट आएको छ ।

कारोबार रकम र सेयर सफ्याका आधारमा सबैभन्दा धेरै कुमारी बैंक प्रमोटर सेयर रु २८ करोड ५९ लाख १९ हजार छ सय छ बराबरको दुई लाख ५३ हजार दुई सय ६२ कित्ता किनबेच भएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्सप्रेस कलर प्रेस, कार्यालय: काठमाडौं–७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्णबहादुर कार्की, सम्पादक: विष्णु तामाङ